जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

**व्यवसायिक कृषिले बनाउँछ सुखी ।**

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २९ • २०८० साल असार ३ गते आइतबार (18 June, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## पुराना भुक्तानीका लागि ५४ करोड

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा तीन वर्ष पुरानो बक्यौता भुक्तानीका लागि आगामी आर्थिक वर्षमा ५४ करोड रकम विनियोजन गरिएको छ ।

गत सरकारको समयमा संसदीय विकास कोषको रकमबाट समयमा काम हुन नसक्दा बक्यौता रहेको रकम भुक्तानीका लागि सभासदहरुको दवावमा आगामी आर्थिक वर्षमा ५४ करोड विनियोजन गरिएको स्रोतले जनाएको छ ।

बजेट बक्तव्यमा पुरानो भुक्तानीको विषय उल्लेख नरहे पनि आन्तरिक रुपमा रकम भौतिक पूर्वाधार विकास मन्त्रालयमा इन्ट्रि गरिएको स्रोतले जनाएको छ ।

बक्यौता भुक्तानीका लागि प्रदेश सभाले उप-सभामुख बबिता राउतको संयोजकत्वमा समिति गठन भए पनि उनले काम गर्न अस्वीकार गरेपछि लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)की सभासद रानी शर्माको संयोजकत्वमा संसदीय छानबिन समिति गठन गरिएको थियो ।

समितिले प्रदेश सभामा प्रतिवेदन बुझाइसकेको र सो प्रतिवेदन अनुसारको बजेट विनियोजन गर्न सरकारलाई प्रतिवेदनसमेत उपलब्ध गराइसकेकाले बक्यौता रहेको रकम भुक्तानीका लागि बजेट विनियोजन गरिएको छ ।

> समितिले प्रदेश सभामा प्रतिवेदन बुझाइसकेको र सो प्रतिवेदन अनुसारको बजेट विनियोजन गर्न सरकारलाई प्रतिवेदनसमेत उपलब्ध गराइसकेकाले बक्यौता रहेको रकम भुक्तानीका लागि बजेट विनियोजन गरिएको छ ।

पुराना भुक्तानीका लागि कर्मचारीहरु अझै तयार नरहेको स्रोतले जनाए । फ्रिज भइसकेको रकम भुक्तानी गर्दा अनेक समस्या आउन सक्ने उनीहरुमा त्रास देखिएको छ ।

प्रदेश सरकारले पुरानो बक्यौता भुक्तानीका लागि थालेको प्रक्रियालाई समेत अनुगमन गरिरहेको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवले आर्थिक चलखेल रहेको देखि कडा विरोध गरिने बताए ।

'हामी समिति र सरकार दुबैलाई यस विषयमा सचेत गराइसकेका छौं' उनले भने, आर्थिक चलखेलको आधारमा प्रतिवेदन र भुक्तानी प्रकृया अगाडि बढाइए हामी चुप रहँदैनौ ।

संसदीय विकास कोषको रकम खर्च गर्न सांसदहरुले बनाउने उपभोक्ता समितिले अन्तिम समयमा काम सम्पन्न गर्न नसक्दा भुक्तानी रोकिने गरिएको छ । नेपालको आर्थिक ऐन अनुसार समयमै भुक्तानी नभए रकम फ्रिज हुने गर्छ । तर अर्को आर्थिक वर्षमा समेत त्यो योजनालाई तयार गरी तेस्रो आर्थिक वर्षमा भुक्तानीको व्यवस्था मिलाउने प्रदेश सभा सक्रिय हुने गरेको छ ।

विगतमा यस प्रकारको भुक्तानी हुँदा एक पटकका लागि मात्र भनेर प्रदेश सभाको प्रतिवेदन अनुसार सरकारले बजेटमा रकम बिनियोजन गरी भुक्तानी गरेका थिए । तर अहिले प्रदेश सभाले त्यसलाई निरन्तरता दिएको छ ।

एकजना पूर्व अर्थ मन्त्रीले आर्थिक ऐन कानुन मिचेर प्रदेश सभाको निर्णयबाट रकम भुक्तानी गर्ने प्रक्रिया गलत भएको बताए । 'प्रदेश सभाको काम ऐन कानुन बनाउने मात्र हो' उनले भने, कानुन मिचेर समिति गठन गरी फ्रिज भइसकेको रकम भुक्तानी गराउनु ठीक होइन् ।

# मधेश प्रदेशको बजेट कार्यान्वयनमा चुनौती

## संसदीय विकास कोषमा बजेट दुरुपयोगको पराकाष्ठा

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वाधिक अनियमितता हुने आरोप लाग्दै आएको संसदीय विकास कोषको नाममा मधेश प्रदेश सरकारले फेरि बजेट विनियोजन गरेको छ ।

आर्थिक वर्ष ०७८/०७९ मा संसदीय कोषको रकम समयमै खर्च हुन नसक्दा त्यसको भुक्तानी अझै हुन सकेको छैन् । सभासदहरुले पाउने सम्पूर्ण बजेट उपभोक्ता समितिमार्फत खर्च हुने गरेको छ । तर त्यो रकम अनियमितता गर्न असार महिनाको अन्त्यतिर खर्चिने र त्यसको भुक्तानीसमेत समयमा हुन नसकेको देखिन्छ ।

संसदीय विकास कोषलाई निरन्तरता दिदैं आगामी आर्थिक वर्षमा २ अर्ब ३५ करोड बजेट विनियोजन गरिएको छ । मधेश प्रदेशका आर्थिक विज्ञहरुले संसदीय कोषको नाममा बजेट विनियोजन नगर्न सरकारलाई सुझाव दिएको थियो ।

अर्थ मन्त्रालयले बर्दिबासमा आयोजना गरेको बजेट सम्बन्धी छलफलमा अर्थविद्हरुले संसदीय विकास कोष हटाउन सुझाव दिए पनि सरकारले त्यसलाई आत्मसात गरेको देखिएन् ।

प्रदेशका निर्वाचित सभासद ६४ जनालाई जनही ३ करोडको दरले १ अर्ब ९२ करोड र ४३ जना समानुपातिक सभासदलाई जनही १ करोडको दरले ४३ करोड गरी २ अर्ब ३५ करोड रकम विनियोजन गरिएकोछ ।

राष्ट्रिय योजना आयोगका पूर्व सदस्यसमेत रहेका अर्थशास्त्री डा.सुरेन्द्र लाभले संघीय सरकारको नक्कल गरी मधेश सरकारले संसदीय कोषमा रकम विनियोजन गर्नु आर्थिक अनियमिततालाई निरन्तरता दिनुरहेको बताए ।

'समयमा काम सम्पन्न गरी निर्धारित समय भित्र भुक्तानी हुन नसकेको रकम अर्को आर्थिक वर्षमा भुक्तानी गर्नु भारी आर्थिक अनियमितता हो' उनले भने, मधेश प्रदेशमा गलत थिति बसालेर आर्थिक अनियमितता भइरहेको छ ।

> प्रदेशका निर्वाचित सभासद ६४ जनालाई जनही ३ करोडको दरले १ अर्ब ९२ करोड र ४३ जना समानुपातिक सभासदलाई जनही १ करोडको दरले ४३ करोड गरी २ अर्ब ३५ करोड रकम विनियोजन गरिएकोछ ।
> राष्ट्रिय योजना आयोगका पूर्व सदस्यसमेत रहेका अर्थशास्त्री डा.सुरेन्द्र लाभले संघीय सरकारको नक्कल गरी मधेश सरकारले संसदीय कोषमा रकम विनियोजन गर्नु आर्थिक अनियमिततालाई निरन्तरता दिनुरहेको बताए ।

अर्थ मन्त्रालयले कार्यक्रमका लागि क्यालेण्डर बनाउने र सो अनुसारको मितिमा काम हुन नसके योजना नै रद्द गरिने अत्यन्त प्रशंसनीय पक्ष रहेको उल्लेख गर्दै डा.लाभले भने, तर त्यसको कार्यान्वयनमा राजनीति गर्न हुँदैन् ।

मधेश प्रदेश सरकारले विगतमा सम्पन्न गरेका सडक लगायतका कामहरु र आगामी दिनमा गरिने कामको यथार्थ विवरण बजेटमा समावेश नहुँदा सरकारको उपलब्धिलाई तुलनात्मक विश्लेषण गर्न नसकिने उनले बताए ।

'आवश्यकता अनुसार बजेटको बाँडफाँट हुनुपर्ने थियो' उनले भने, तर बजेट नेता र कार्यकर्तामुखी रहेको छ । मधेश प्रदेशको सर्वाधिक पिछडिएको रौतहट जिल्लामा र दलित, जनजाति, महिलाको विकासका लागि बढी बजेट विनियोजन हुनुपर्नेमा त्यो नदेखिएको उनले औंल्याए ।

देशभरि नै चर्चित 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउनुपर्नेमा बेवास्ता गरिएको डा.लाभले बताए ।

सरकारसित साइकल रहेकाले त्यसमा बजेट नहाल्नु उपयुक्त भए पनि नीति तथा कार्यक्रममा घोषणा गरिएको छात्रालाई ल्यापटप बजेटमा समावेश नहुनु उपयुक्त नभएको उनले जनाए ।

अर्थ मन्त्रालय सम्बद्ध एकजना अधिकारीले विभिन्न मन्त्रालयहरुले नै बजेट सार्वजनिक हुनु १५ घण्टासम्म सूचीकृत गर्ने परिपाटीले पनि मधेश प्रदेशको बजेटमा कतिपय कमी कमजोरी देखिने गरेको बताए ।

संसदीय विकास कोषमा बजेट नराखे प्रदेश सभाबाट बजेट पास नहुने निश्चित रहेकाले नै निरन्तरता दिनु परेको ती अधिकारीले बताए । निर्वाचित सभासदहरुले कम्तीमा ५ करोड बजेट माग गरेको उनले खुलाए ।

'बहुमतको सरकार भए पनि संसदीय कोषको सबालमा सबै एकजुट हुने गरेका छन्' उनले भने, उपभोक्ता समिति बनाएर काम गराउँदा समयमा योजना सम्पन्न नभइ काम हुन नसक्दा अर्को आर्थिक वर्षमा भुक्तानीको प्रक्रिया प्रदेश सभाले अगाडि बढाउने गरेको छ ।

बजेट मध्यम खालको भए पनि त्यसको कार्यान्वयनमा चुनौती रहेको अर्थविद्हरु बताउँछन् । नमुना विद्यालय, कन्या क्याम्पस, दलित विद्यार्थीहरुको खाता खोलेर रकम जम्मा गरिने कार्यक्रमहरु अत्यन्त राम्रो रहे पनि त्यसको कार्यान्वयन पक्ष सहज नभएको उनीहरुको कथन छ ।

सरकारले बजेटको कार्यान्वयनका लागि समयमै रकम निकासा गर्नुपर्ने, योजनाहरुको नियमित अनुगमन र क्यालेण्डर अनुसारको कार्य प्रगतिको समीक्षामा जोड दिए उपलब्धिमूलक हुनसक्ने उनीहरुको धारणा छ ।






# आगलागीमा तीन घर जल्यो



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको बरहथवा नगरपालिका-१४ शहीदपुरमा आगलागीबाट तीन वटा घर जलेर नष्ट भएको छ । स्थानीय सुरेन्द्र महतो, चुनचुन राउत र विजुली राउतको घर आगलागीमा परेर नष्ट भएको छ । आगलागीबाट सुरेन्द्र महतोको इँटाले बनेको खपडाको छानो भएको दुई तले घर, घरभित्रका सरसामग्री र दुई वटा बाख्रा जलेका छन् । उनको मात्रै १३ लाख रुपियाँ बराबरको क्षति भएको छ।

यस्तै, चुनचुन राउतको बाँसको टाटीले बेरिएको घर, घरभित्रका सरसामग्री र दुईवटा बाख्रा जल्दा चार लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ। त्यस्तै, आगलागीबाट विजुली राउतको घर, घरभित्रका सरसामग्री, तीनवटा बाख्रा र अन्य सामान जलेर नष्ट हुँदा पाँच लाख बराबरको क्षति भएको बुझिएको छ।

आगलागी स्थानीयवासी, प्रहरी र सदरमुकाम मलङ्गवा नगरपालिकाबाट आएको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए । अग्नि पीडित परिवारलाई सरसफाई अभियान बरहथवाले राहत सामग्री प्रदान गरेको छ।

# आँखा, दाँत र कान निःशुल्क परीक्षण हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ६० वर्ष माथिका नागरिकलाई आँखा, दाँत र कानको निःशुल्क परीक्षण गरिने व्यवस्था मिलाउने भएको छ।



अर्थमन्त्री सञ्जयकुमार यादवले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै ६० वर्षभन्दा माथिका नागरिकलाई आँखा, दाँत र कानको निःशुल्क परीक्षणको व्यस्था मिलाएको बताएका छन् । ज्येष्ठ नागरिकलाई सरकारी अस्पतालहरुमा विरामी दर्ता गर्दा शुल्क नलाग्ने तथा प्रदेश तथा स्थानीय तहका ल्यावहरुमा निःशुल्क परीक्षण गर्न ५ करोड विनियोजन गरिएको अर्थमन्त्री यादवले जानकारी दिए।

त्यस्तै,प्रदेशमा सञ्चालित वृद्धा आश्रम, बालगृह, मानवसेवा आश्रममा आश्रित व्यक्तिहरुको स्वास्थ्य परीक्षण र उपचारका लागि घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्न ५ करोड विनियोजन गरिएको उनले बताए।

आगामी आर्थिक वर्षदेखि स्थानीय तहमा मुख्यमन्त्री स्वास्थ्य घर दैलो कार्यक्रम अन्तर्गत प्रदेशका प्रत्येक नागरिकहरुको विस्तृत स्वास्थ्य प्रोफाइल तयार गर्ने कार्यक्रमको शुरुवात गरिने र स्थानीय तहसँगको समन्वयमा हुने उनले बताए।

# अध्यापनसँगै तरकारी खेतीबाट लाखौं आम्दानी

काठमाण्डु । बैतडीको शिवनाथ गाउँपालिका-३ पोखरेटीका ४० वर्षीय धनवीरसिंह साउँद पेसाले शिक्षक हुनुहुन्छ । उहाँ स्थानीय गर्वेश्वर आधारभूत विद्यालयमा अध्यापन गराउनुहुन्छ । साउँदको दैनिकी विद्यालयमा पढाउने र बाँकी समय बारीमा तरकारीको हेरचाह गरेर बित्ने गरेको छ।

गाउँमा उहाँ 'नमूना कृषक'का नामले पनि चिनिँदै आउनुभएको छ । साउँदले तीन वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको हो। लोभलाग्दो तरिकाले तरकारी खेती गर्दै आउनुभएका साउँदले वार्षिक रू चार लाखसम्म आम्दानी गर्नुहुन्छ । साउँदलाई तरकारी खेतीका लागि शिवनाथ गाउँपालिकाले पोलिहाउस, विषादी, बीउबिजन र प्राविधिक सहयोग गर्दै आएको छ। पोलिहाउसभित्र गरिएको तरकारी खेतीमा अहिले गोलभेँडा, बन्दा उत्पादन भएका छन् । पोलिहाउसमा लटरम्म फलेका गोलभेँडा र बन्दाले सबैको मन लोभ्याउने गरेको छ।

साउँदले भन्नुभयो, "पेसाले शिक्षक भए पनि विद्यालयपछिको समयमा तरकारी खेती गर्दै आएको छु। तरकारी खेतीबाटै मैले वार्षिक रू चार लाख कमाउने गरेको छु।" उहाँले गोलभेँडा, बन्दा, बोडी, अदुवा, बेसारलगायत खेती पनि गर्दै आएको बताउनुभयो। उहाँका अनुसार पाँच रोपनी क्षेत्रफलमा १३ पोलिहाउस निर्माण गरी तरकारी गरिएको छ । उहाँले भन्नुभयो, "गाउँपालिकाले पोलिहाउस, विषादी, बीउबिजनका साथै प्राविधिक सहयोग गर्दै आएको छ। यसले गर्दा सहज भएको छ।"

तरकारी खेतीबाट पाँच जनाको परिवारको जीविकोपार्जन भइरहेको साउँदको भनाइ छ। "शिक्षकको तलबबाट मात्रै घरपरिवार पाल्न असहज हुन थालेपछि तरकारी खेती गर्न थालेको हुँ । अहिले छोरालाई स्नातक पढाउन काठमाडौँ पठाएको छु", उहाँले भन्नुभयो। तरकारी खेतीबाट मनग्य आम्दानी भएको देखेपछि आफूले पनि तरकारी खेती सुरु गरेको उहाँको भनाइ थियो।



साउँदले भन्नुभयो, "गाउँका अन्य किसानले तरकारी खेतीबाट मनग्य आम्दानी गरेकाले मलाई पनि तरकारी खेतीमा लाग्न मन लाग्यो । आर्थिक अवस्था कमजोर भएकाले तलबले सबै आवश्यकता पूरा हुन नसकेपछि तरकारी खेती थाले। अहिले राम्रै भएको छ।" सिँचाइ सुविधा पर्याप्त नहुँदा, बजार अभाव, यातायात सेवा सहज नहुँदा बजारीकरणमा केही समस्या हुने गरेको उहाँले बताउनुभयो।

सिचाइँ सुविधा, बजार र यातायातको सहज सुविधा भए तरकारी खेती गर्न अझै सहज हुने साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "सिचाइँ सुविधा नहुँदा खानेपानीले तरकारी सिँचाइ गर्नुपर्ने बाध्यता छ, खानेपानी रातिको समयमा सङ्कलन गर्न ट्याङ्की छैन।"

बारीसम्म सडक विस्तार नभएकाले डोकोमा बोकेर सुल्लेखान उत्पादन भउका तरकारी पुर्याउनुपर्ने बाध्यता रहेको साउँदको भनाइ छ। उहाँले भन्नुभयो, "सडक नहुँदा डोकोमा बोकेर सुल्लेखानसम्म पुर्याउनुपर्दछ, बाह्रै महिना सञ्चालन हुने गरी सडक विस्तार भए अझै सहज हुने थियो।" कहिलेकाहीँ उत्पादित तरकारीले बजार नपाउँदा समस्या हुने गरेको साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "मेहनत गरेर उत्पादन गरेको तरकारीले बजार नपाउँदा सस्तोमै बेच्नुपर्दछ। स्थानीय बजारमा खपत हुँदैन।"

शिवनाथमा उत्पादन भएको तरकारी स्थानीय बजारका साथै जिल्लाको मेलौली, पाटन, सदरमुकाम र जिल्लाबाहिर डडेल्धुरा, कैलाली र कञ्चनपुरसम्म पुग्ने गरेको छ। अन्य समयमा तरकारी निर्यात गर्न सुल्लेखानबाट सहज हुने गरेको भए पनि बर्सातको समयमा उक्त क्षेत्रमा सडक अवरुद्ध हुँदा निकै सास्ती हुने गरेको साउँदले जानकारी दिनुभयो।

तरकारी खेती आबद्ध किसानलाई व्यवसायिक खेतीका लागि आवश्यक सहयोग गरिँदै आएको शिवनाथ गाउँपालिका कृषि शाखा प्रमुख, कृषि अधिकृत ज्योति नायकले बताउनुभयो । "यस वर्ष पालिकाभित्रका दुई सय ६५ किसानलाई ८० प्रतिशन अनुदानमा बीउबिजन, बाली संरक्षणका दुई सय ९९ लाई निःशुल्क विषादी दिएका छौँ", उहाँले भन्नुभयो, "९० प्रतिशत अनुदानका लागि ८८ कृषकको पोलिहाउसका लागि निवेदन सङ्कलन भएको छ।"

कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर व्यावसायिक किसानलाई अनुदान सहयोग गर्दै आएको गाउँपालिकाका अध्यक्ष कर्णसिंह साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "कृषि क्षेत्र हाम्रो पहिलो प्राथमिकता हो । व्यावसायिक किसानलाई व्यवसायिक कृषिमा आबद्ध गराउने उद्देश्यले सहयोग गर्दै आएका छौँ।"

आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि कृषकका लागि 'एकघर एक पोलिहाउस', कृषि उपज ढुवानीका लागि 'कृषि एम्बुलेन्स' सञ्चालनको तयारी भएको अध्यक्ष साउँदले जानकारी दिनुभयो। गाउँपालिकाभित्र सिँचाइ सुविधा नभएको स्थानमा सिँचाइ, सडक नभएका ठाउँमा सडक सुविधा क्रमशः विस्तार गरिँदै लगिने उहाँको भनाइ थियो। रासस

# नयाँ संसद भवनको साजसज्जामा २ अर्ब ३४ करोड खर्च गरिँदै

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले सिंहदरबारमा बनाइरहेको संघीय संसद भवनको इन्टेरियरका लागि २ अर्ब ३४ करोड ५४ लाख ९० हजार रुपैयाँको ठेक्का लगाउने भएको छ। केसी/श्याम सुन्दर/बानियाँ जेभीले संसद भवनको इन्टेरियरसहित कन्फ्रेन्स र सेक्युरिटी सिस्टमको ठेक्का पाउन लागेको हो।



गत पुसमा भएको बोलपत्रअनुसार संयुक्त उपक्रमको कम्पनीले संसद भवनको इन्टेरियर सजाउने गर्नेदेखि टेबल, कुर्सी, सोफासहितका फर्निचर तथा अडियो/भिडियो र सेक्युरिटी सिस्टम जोड्ने ठेक्का पाएका हुन् । शहरी विकास तथा भवन निर्माण विभाग अन्तरगतको विशेष भवन निर्माण आयोजनाका निर्देशक मचाकाजी महर्जन यो ठेक्का अन्तरगत संसद भवनभित्रको साजसज्जादेखि साउन्ड तथा सेक्युरिटी प्रणालीको सफ्टवेयर र हार्डवेयर जडानको काम हुने छ।

'यो काम सकिंदा संसद भवन बैठक बस्न योग्य हुनेछ,' उनले भने, 'अब संसद भवनको निर्माणसँगै सकिएका भागमा इन्टेरियर तयार गर्ने काम हुनेछ।'

यसअघि भवन मात्रै बनाउने गरी ठेक्का लागेको थियो । इन्टेरियरको काम सक्न करिब एक वर्ष र अन्य सिस्टम जडानको काम सक्न करिब ६ महिनाजति समय लाग्ने अनुमान छ। तर, भवन नै तयार नभएकाले इन्टेरियरको काम सुरु गरिहाल्न समेत समस्या छ । तत्कालीन सरकारले छिटो डिजाइन सकेर शिलान्यासको वातावरण बनाउन दबाब दिएकाले सबै पक्षको डिजाइन नसकी भवनको मात्रै ठेक्का लगाइएको शहरी विकास मन्त्रालयका अधिकारीहरु बताउँछन्।

'भवन निर्माण र इन्टेरियरको काम एउटै प्याकेजमा राखेर ठेक्का लगाएको भए लागत घट्थ्यो, सिभिल र इन्टेरियरको काम एक अर्कासँग अन्तरसम्बन्धित हुने भएकाले उसैले समय र तालिका व्यवस्थापन गरेर काम गर्थ्यो,' मन्त्रालयका एक अधिकारी भन्छन्, 'अहिले एउटै भवनको काममा अर्को ठेक्का लगाउनुपर्‍यो।'

'तुँदी सेक ज्वाइन्ट भेन्चर'ले संसद भवन बनाइरहेको छ । १ असोज २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद भवनको शिलान्याश गरेका थिए। पछिल्लो पटक थपिएको म्याद अनुसार आगामी असारसम्म संसद भवन निर्माणको काम सकिनुपर्ने हो। तर, नसकिने पक्कापक्की छ। 'आगामी आर्थिक वर्षमा हामी संसद भवन निर्माण गरिसक्छौं,' महर्जन भन्छन्, 'अहिले छाना छाउनेसहित संवेदनशील र जटिल मानिएका कामहरु भइरहेका छन्।'

अहिलेसम्म संसद भवन निर्माणको काम ६० प्रतिशत मात्रै सकिएको छ। यसले वर्षमा १५ करोड भाडा तिरेर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै संघीय कहिलेबाट सिंहदरबारको आफ्नै भवनमा सर्न पाउँछ भन्ने पनि अनिश्चित बनेको छ।

संघीय संसदको भवन बनाउन १६ असोज २०७६ मा ६ अर्ब ९२ करोड रुपैयाँमा ठेक्का लागेको थियो । सुरुको ठेक्का सम्झौताअनुसार १५ असोज २०७९ मा संसद भवन तयार भइसक्नुपर्ने थियो।

कोराना महामारीको समयमा निर्माण व्यवसायीको ६ महिना म्याद थप भएपछि ठेक्का अवधि ३० चैत २०७९ मा पुऱ्याइएको थियो । तर यो अवधिमा पनि संघीय संसदको भवन तयार नहुने भएपछि असारसम्म म्याद थपिएको छ।

निर्देशक महर्जन काम सन्तोषजनक गतिमा नभएको बताउँछन्। 'हामीले ठेकेदार कम्पनीलाई घच्घचाइरहेका छौं,' उनले भने, 'अपेक्षित गतिमा काम भएको छैन।'

संघीय संसदको आफ्नै बैठकस्थल नहुँदा नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भाडामा लिएर त्यसमै बैठक सञ्चालन हुँदै आएको छ। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनदेखि नै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संसद भवनको रुपमा चिनिँदै आएको छ।

हाल निर्माण भइरहेको संघीय संसदमा ७०० सिट क्षमताको प्रतिनिधिसभा बैठक हल बन्दैछ। सभाहलमा ४०० र बालकोनीमा ३०० सिट क्षमता हुनेछ। यस्तै राष्ट्रियसभा हलमा ९० र बालकोनीमा २०० गरी २९० सिट क्षमताको हल तयार हुनेछ।

३५० सिट अट्ने संयुक्त लबि हुनेछ। साना ठूला गरी १० राजनीतिक दलका लागि कार्यालय र बैठक कक्ष बनाइँदैछ । प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभा अध्यक्ष, दलका प्रमुख सचेतक लगायतलाई अति विशिष्ट कक्ष तयार गरिँदैछ । हरेक कार्यकक्षमा २५ सिटको बैठक हल पनि हुनेछ। संघीय संसद परिसरमा पुस्तकालय र क्यान्टिन समेत तयार हुँदैछ।

प्रेस र छपाइ भवनसहित ७ सयवटा सवारीसाधन पार्किङ गर्न मिल्ने पूर्वाधारसहित सुरक्षाकर्मीको भवनहरु पनि बन्दैछन्। संसद् परिसरमा पानीको फोहोरासहित हरियाली खुला क्षेत्र पनि तयार गरिने छ। यी भवनसहित पूर्वाधारको साजसज्जाको काम नयाँ ठेक्कामार्फत गरिनेछ।

गत १८ जेठमा सभामुख देवराज घिमिरेले नयाँ संसद भवनको काम निर्धारित समयभित्र सम्पन्न गर्न निर्देशन दिएका थिए। निर्माणाधीन संसद भवनको निरीक्षण गर्दै उनले ठेक्कामा प्राप्त समयको हिसावले काम कम भएको उनको भनाइ थियो । 'समयको हिसावले काम कम छ, तर अब यसले गति लिन्छ, सबै लाग्नुपर्छ, बन्नुपर्छ समयमा नै,' उनले भनेका थिए। सभामुखले निर्माणस्थलमै पुगेर निर्धारित समयभित्रै निर्माण सक्न भनेपनि आयोजनाको काम गति अहिले पनि सुस्त नै छ।

# सप्तरी प्रिमियर लिग टी-२० क्रिकेट प्रतियोगिता आजदेखि




**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रिमियर लिग मेयर कप टी-२० (एसपीएल) क्रिकेट प्रतियोगिता आजदेखि सप्तरीको राजविराजमा सुरु हुने भएको छ। पाँचौँ संस्करण अन्तर्गत राजविराज नगरपालिकाको सहयोगमा सप्तरी क्रिकेट संघले एसपीएल गर्न लागेको छ।

पब्लिक माध्यमिक विद्यालय राजविराजको खेलमैदानमा असार ३ गते आइतबारदेखि आयोजना हुन लागेको एसपीएलमा ६ वटा टिमले सहभागिता जनाउने आयोजकले जनाएको छ । लिगमा बजाज खडक वारियर, रूपनी राईडर्स, बलान बिहुल सुपर किंगस, कञ्चनरूप राईनो, छिन्नमस्ता दर्शन, राजबिराज दि किंगसहित ६ टिमले सहभागिता जनाएको छ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठका अनुसार प्रतियोगिताका लागि 'अक्सन'का माध्यमबाट खेलाडी छनोट गरिएको छ । अक्सनका लागि कुल १७२ खेलाडीले आवेदन दिएका थिए । तीमध्ये ८५ जनालाई विभिन्न टिमले खरिद गरेका छन् । प्रतियोगितामा राष्ट्रिय स्तरका खेलाडीको सहभागी रहने भएकाले अघिल्ला संस्करणहरूभन्दा धेरै रोचक हुने सप्तरी क्रिकेट संघले जनाएको छ।

विजेता टिमले ३ लाख रुपैयाँ नगद पुरस्कार र मेडल तथा उप-विजेता टिमले १ लाख ५० हजार रुपैयाँ र मेडल प्रदान गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिए।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथुन | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रचण्ड गर्मीमा जानकी मन्दिरको छेउमा फूलमाला र प्रसाद ग्राहकको पर्खाइमा व्यापारी । *तस्विर : टुडे*

# नवौँ चुरे संरक्षण दिवस मनाइयो

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिले शनिवार स्थापनाको अवसरमा नवौँ चुरे संरक्षण दिवस मनाएका छन् । समिति र सम्बन्धित निकायले चुरे आसपासका क्षेत्रमा वृक्षरोपण तथा जनचेतनाका विभिन्न कार्यक्रम गरी यो दिवस मनाएका छन् । नेपाल सरकारले २०७१ साल असार २ गते सो समितिको गठन गरेको थियो ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नेपाल सरकारको प्रकृति संरक्षण र सम्वर्द्धन गर्ने पवित्र उद्देश्य लिएको एकमात्र राष्ट्रिय गौरवको आयोजना हो । समितिका अध्यक्ष डा किरण पौडेल स्थापनाको दिवसका अवसरमा ‘चुरेको माटो चुरेलाई, सफापानी सबैलाई’ भन्ने साझा लक्ष्यमा अघि बढ्न सबैलाई आह्वान गरे ।

उनले चुरे संरक्षणको गहन अभिभारा पूरा गर्ने काममा सहयोग पुर्‍याउने वन तथा वातावरण मन्त्रालय, अन्य पूर्वाधार विकास गर्ने मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्तालगायत स्थानीय समुदाय, विकास साझेदार एवं सबैलाई धन्यवाद दिए ।

नेपालमा पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ वटा जिल्लामा कूल भू-भागको १२ दशमवलव ७८ प्रतिशत क्षेत्रमा फैलिएर रहेको अत्यन्त संवेदनशील र कमजोर अवस्थाको चुरे पहाड तराई मधेशको अस्तित्वसँग अन्योन्याश्रित सम्बन्ध राख्दछ । चुरे क्षेत्र भौगर्भिकरूपमा कमजोर, धेरै पानी पर्ने, भूकम्पीय कारणबाट अति जोखिमयुक्त, जैविक विविधतामा धनी रहेको, दुर्लभ वन्यजन्तुको



वासस्थान र जैविक मार्ग हो । बलौटे ढुङ्गा एवं माटो ढुङ्गा सङ्गुरीकाले बनेका कारण चुरे भूभाग निकै कमजोर छ ।

अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदीजन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण, भू-क्षयजस्ता कारणले यो क्षेत्र झनै संवेदनशील बन्दै गएको छ । यस्तै गतिविधिका कारण तराई मधेश मरुभूमिकरण हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चुरे-तराई मधेश क्षेत्रका ३७ जिल्लाका तीन सय २५ स्थानीय तहका करिब ५८ प्रतिशत मानिसको जीवन पद्धतिसँग सम्बन्धित यो क्षेत्रका एक सय ६४ नदी प्रणाली र तिनका जलाधार क्षेत्रलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण संरक्षण क्षेत्र कायम गरी नेपाल सरकारले समितिको गठन गरेको थियो ।

चुरे क्षेत्र भौगोलिक हिसाबले कमलो र कान्छो भए तापनि जैविक र सांस्कृतिक सम्पदामा धेरै धनी छ ।

चुरे क्षेत्र बाघ, भालु, गैँडा, हात्ती, अर्ना र अन्य वन्यजन्तुको वासस्थान रहनुका साथै विविध किसिमका जडीबुटीजन्य वनस्पतिको खानी पनि हो । तराई र मधेश क्षेत्रमा सिँचाइको लागि आवश्यक पर्ने पानीको प्रमुख स्रोत भनेको चुरे र मध्य पहाडी शृङ्खलाबाट बग्ने नदी प्रणाली र यिनले पुनर्भरण गरेका भूमिगत जलस्रोत हो । तराई र मधेशका जनतालाई प्राकृतिक विपद्बाट बचाउने हो भने चुरे क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई उनीहरूको प्राकृतिक प्रक्रियाअनुसार स्वच्छ र स्वतन्त्ररूपमा बाँच्न दिनुपर्ने हुन्छ । अध्यक्ष पौडेलले ‘प्रकृति स्वच्छ भए मात्र हाम्रो जीवन सुरक्षित हुन्छ र प्रकृतिलाई हामीले संरक्षण गर्यौं भने मात्र प्रकृतिले हामीलाई संरक्षण गर्दछ’ भन्ने तथ्यलाई कसैले पनि बिर्सनु नहुने बताए ।

चुरे क्षेत्रमा जनसङ्ख्या वृद्धि, बसाइँसराइ र भौतिक पूर्वाधार विकासका कारण सहरीकरण दिन प्रतिदिन बढ्दो छ ।

“बढ्दो भौतिक विकासले चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीलाई पारेको असरलाई कसरी कम गर्न सकिन्छ र हिजो नष्ट भएका पारिस्थितिकीय प्रणालीलाई शनिवार कसरी पुनःस्थापना गर्न सकिन्छ भनेर सबैले गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ”, अध्यक्ष पौडलले भने ।

चुरे क्षेत्रमा भावी पुस्ताको बाँच्न पाउने अधिकारसमेतलाई ख्याल गरेर यस क्षेत्रको व्यवस्थित भौतिक विकास गर्न र वातावरणीय अध्ययन गरेर मात्र ढुङ्गा, गिट्टी र बालुवाजस्ता प्राकृतिक स्रोतको सङ्कलन तथा उत्खनन गर्न उहाँले आह्वान गरे ।

# कमलाको दुखः तीन मिनेटको बाटो डेढ घण्टा

लहान । शुक्रबार सुरजकुमार मुखिया निकै हतारमा हुनुहुन्थ्यो । केही घण्टा भए पनि छिटो पुगिएला भनेर पूर्वपश्चिम महेन्द्र राजमार्ग छलेर जनकपुरबाट विराटनगर जान हिँडेका उहाँ निकै हतारमा रहेको मोटरसाइकलको गतिबाट प्रष्ट थाहा हुन्थ्यो । त्यस्तै हतारमा हुनुहुन्थ्यो रामदेव महतो पनि ।

हतार गरेर के गर्नु ! उहाँहरूको मोटरसाइकलको गति १२ वर्षदेखि भाँसिएको धनुषा-सिरहा जोड्ने हुलाकी सडकअन्तर्गतको कमला नदि छेउमा पुगेर रोकिनु थियो । जसरी केही समयअघिदेखि सिरहा नगरपालिका-७ का कपिलदेव यादव छुताउँदै रोकिरहनुभएको थियो । “छिटो पुगिन्छ भनेर पहिले यही बाटो आइन्थ्यो तर यस पटक भने दुःख पाइयो । पुल बगाएको बारे यही पुगेपछि मात्रै थाहा भयो । अब फर्किने कि अर्को बाटोबाट जाने दोधारमा छु”, यादवले मलिन मुद्रामा भन्नुभयो ।

यस्तै पछुतो थियो सुरजकुमार मुखियाको पनि । “साथीले एकाध घण्टा छोटो हुन्छ भनेर यो बाटो आए तर यहाँ त कामचलाउ काठको पुल पनि बगाइसकेको रहेछ”, उहाँले भन्नुभयो, “यस्तो हविगत होला भन्ने के थाहा ! फँसादमा परियो । अब कुन बाटो भएर जाने थाहा नै छैन ।”

यतिबेलै आइपुग्नुभयो धनुषाको विदेह



नगरपालिका वडा नं ६ का सुविन्दर झा । वर्षौंदेखि कमलाको दुःखबारे जानकार झाले पारी पुग्न दुई विकल्प सुनाउनुभयो । ती दुई विकल्पमध्ये या त भारतीय बजार जयनगर हुँदै जाने वा सारश्वरघाट हुँदै डुङ्गा चढेर पुलपारी पुग्ने । “के गर्नु हजुर केही दिनअघि मात्रै आएको बाढीले अस्थायी काठेपुल पनि बगायो । धेरै मान्छेले यसरी नै पुलसम्म पुगेर धोका पाउनुपरेको छ । यस्तो दुःख वर्षायामभरि भोग्नुपर्छ”, उहाँले भन्नुभयो । उहाँले तीन मिनेटको दूरीमा पुग्ने ठाउँमा अब डेढ/दुई घण्टा समय लाग्ने बताउनुभयो ।

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै डेढ वर्षअघि भाँसिएको थियो । स्थानीयले वर्षौंदेखि काम चलाउ काठेपुल बनाएर आवतजावत गरिरहे पनि वर्षायाममा भने सोही पुल बगाएर सधैँ यस्तै सास्ती हुने गरेको छ । यो समय स्थानीयले वारपार गर्न भारतीय बजार जयनगर वा रु एक सय तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा परिरहेको स्थानीय पत्रकार नरेश रौनियारले जानकारी दिनुभयो ।

“अन्य बेला त काठेपुल वा अन्य विकल्प प्रयोग गरेर नदी वारपार गर्न सकिन्थ्यो तर वर्षायामभरी यो विकल्प पनि रहँदैन । खै ! कहिलेसम्म यस्तो सास्ति खेप्नुपर्ने हो ?”, उहाँले भन्नुभयो । निर्माण कम्पनी ‘लुम्बिनी बिल्डर्स कन्सट्रक्सन’ले आगामी चैत मसान्तसम्म भाँसिएको पुल पुनःनिर्माण गर्ने गरी काम गरिरहेको थियो तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनःनिर्माणको काम पनि रोकिएको छ । निर्माण कम्पनीका आयोजना प्रमुख सुदीप थापाले आगामी असोजसम्म काम रोकिएको जानकारी दिनुभयो ।

विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो तर पटक पटक म्याद थपेर करिब दश वर्ष लाग्यो । निर्माण कम्पनिले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भाँसिएपछि पुनःनिर्माण अनिश्चित भयो । यही अनिश्चितताबीच गत फागुन १५ मा तत्कालीन उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले पुलको स्थलगत निरीक्षण गरी तत्काल काम सुरु गर्न निर्देशन दिनुभएको थियो । “जनताले निकै सास्ती भोग्नुपरेको छ । यसरी पुल निर्माण कार्य अलपत्र पार्न पाइँदैन । म निर्माण कम्पनीलाई प्रक्रिया पुर्‍याएर तत्काल काम गर्न निर्देशन दिन्छु”, उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभएको थियो । यसको केही समयपछि गत चैत २६ गते प्राविधिक नक्सा स्वीकृत भई पुनःनिर्माणको काम सुरु पनि गरियो तर शुक्रबारदेखि सो कार्य पूर्णरुपमा ठप्प भएको छ । रासस

# चुरे संरक्षणमा चुनौती बढ्दो : उपराष्ट्रपति यादव



**टुडे समाचारदाता**

नवलपुर । जलवायु परिवर्तन र प्राकृतिक स्रोतको विनाशले चुरे क्षेत्रको संरक्षणमा चुनौती थपिएको उपराष्ट्रपति रामसहायप्रसाद यादवले बताएका छन् ।

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति र नेपाली सेना, वन तथा पर्यावरण सुरक्षा निर्देशनालयले नवौं चुरे संरक्षण दिवसको अवसरमा पूर्वी नवलपरासीको कावासोतीमा आयोजना गरेको वृक्षारोपण कार्यक्रममा बोल्दै उपराष्ट्रपति यादवले यस्तो बताएका हुन् । ‘चुरे क्षेत्रको संरक्षण अपरिहार्य छ । तराई र पहाडको जलवायु परिवर्तन र वातावरणीय प्रभावलाई सन्तुलित बनाउन हामी यस्को संरक्षणमा लागेका हौं,’ उनले भने, ‘यसको संरक्षण गर्दै गर्दा यसबाट तल्लो र माथिल्लो तटीय क्षेत्रका स्थानीयको अपनत्व हुन आवश्यक छ । त्यसको लागि गुरुयोजना बनाएर कार्यान्वयनको चरणमा छ ।’

‘चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई’ भन्ने नारासहित असार २ गते चुरे संरक्षण दिवस मनाइँदै आएको छ । यो वर्ष पूर्वी नवलपरासीको कावासोती-६ स्थित विष्णु नगर सामुदायिक वनको १० हेक्टर क्षेत्रफल क्षेत्रफलमा १० हजार विरुवा रोपिँदै छ ।

सोही कार्यक्रममा चुरे संरक्षणको नाममा बस्ती भन्दा अग्लो खोलाको सतह भएको र खेतीयोग्य जमीन कटान बढेको भन्दै गुरुयोजना बनाएर व्यवस्थापन गर्नुपर्नेमा जिल्लाका जनप्रतिनिधि र सरोकारवालाले उपराष्ट्रपतिको ध्यानाकर्षण गराएका थिए ।

# विश्व परिप्रेक्ष्यमा नेपालको पत्रकारिताबारे अध्ययन गरिएको पुस्तक सार्वजनिक

काठमाण्डु । विश्वव्यापी परिप्रेक्ष्यमा नेपालका सञ्चारमाध्याम र पत्रकारिता क्षेत्रको अवस्थितिबारे विस्तृत अध्ययन समेटिएको पुस्तक ‘ ग्लोबल प्रस्पेक्टिभ अन जर्नालिजम इन नेपाल’ को नेपाली संस्करण सार्वजनिक भएको छ ।

काठमाण्डुस्थित कान्तिपुर सिटी कलेजमा आयोजित एक औपचारिक कार्यक्रमका बीच पुस्तक सार्वजनिक भएको हो । नेपालको पत्रकारिता र सञ्चारमाध्यमका समसामयिक अभ्यासमा केन्द्रित अनुभवजन्य अध्ययन, आलोचनात्मक समीक्षा, सैद्धान्तिक र दार्शनिक विश्लेषणसहितका विषयवस्तु पुस्तकमा समेटिएका छन् ।

पुस्तक सार्वजनिक गर्नुहुँदै प्राध्यापक पी खरेलले नेपालको पत्रकारिताको सैद्धान्तिक र व्यवहारिक अनुसन्धानका लागि यो पुस्तक पथप्रदर्शक हुने बताउनुभयो । “गहन अनुसन्धानबाट तयार पारिएका शोध र विज्ञहरूको ज्ञान समेटिएको यो पुस्तकले नेपालको समग्र सञ्चार जगत् र पत्रकारिता क्षेत्रको सैद्धान्तिक र व्यवहारिक उन्नयनमा योगदान गर्ने अपेक्षा छ”, उहाँले भन्नुभयो । पत्रकारिता क्षेत्रमा राजनीतिक प्रभाव देखिन थालेको उल्लेख गर्नुहुँदै प्राध्यापक खरेलले नेपालको पत्रकारिता क्षेत्रको सुधारका लागि आलोचनात्मक ढङ्गले जानुपर्ने बताउनुभयो ।

सोही कार्यक्रममा प्राध्यापक रामकृष्ण रेग्मीले पत्रकारिता क्षेत्रका तीन पुस्ताले योगदान गरेको यो पुस्तकका थप संस्करण पनि ल्याउन आश्यक रहेको बताउनुभयो । पछिल्लो समय पठन संस्कृति हराउँदै गएको उल्लेख गर्नुहुँदै रेग्मीले सामाजिक सञ्जाल र न्यू मिडियाको प्रयोगले ज्ञान र सूचनाको पुस्तान्तरण हुन नसकेको बताउनुभयो । “अहिले पठन संस्कृति हराउँदै गएको छ । मानवजातिले सँगालेको अनुभव र ज्ञान एक पुस्ताबाट अर्को पुस्तासम्म पुर्‍याउनका लागि किताब महत्त्वपूर्ण छ”, उहाँले भन्नुभयो ।

प्राध्यापक कुन्दन अर्यालले पछिल्लो समय जनमानसमा असम्पादित सूचनाहरू बढी जाने गरेकाले त्यसलाई रोक्नु चुनौतीपूर्ण रहेको बताउनुभयो । “अहिले सामाजिक सञ्जालको प्रयोग र सञ्चारमाध्यममा आएका नयाँ प्रविधिले सम्पादन नै नभएका सूचना नागरिकसम्म पुग्छन्, यो चुनौतीपूर्ण छ”, उहाँले भन्नुभयो । पत्रकारिता र सञ्चार क्षेत्रका २१ जना लेखकका शोधपूर्ण लेख समेटिएको यो पुस्तक भानुभक्त आचार्य र श्याम शर्माले सम्पादन गर्नुभएको हो । सम्पादक भानुभक्त आचार्यले नेपाललाई ‘केसस्टडी’ बनाएर विश्व परिवेशमा आधारित भई पुस्तकका विषयवस्तु राखिएको बताउनुभयो । “नेपालकोपत्रकारितालेसंसारलाई भन्नुपर्ने केही कुरा छन् भन्ने लागेर यो पुस्तक लेखन सुरु भएको थियो । पुस्तकका विषयवस्तु नेपाली पाठकलाई भन्दा पनि अन्तर्राष्ट्रिय जगत्लाई जानकारी दिने उद्देश्य हो”, आचार्यले भन्नुभयो ।

पुस्तकमा भानुभक्त आचार्य, श्याम शर्मा, श्रीमन शर्मा, समीक्षा कोइराला, लक्ष्मण हुमागाईँ, तुलसी आचार्य, भगीरथ योगी, जगन कार्की, रामकृष्ण रेग्मी, सुजीना शाक्य, पियुष मिश्र, कुन्दन अर्याल, कवि अधिकारी, लेखनाथ पाण्डे, उषाकिरण रेग्मी, सन्देशदास श्रेष्ठ, हर्षमान महर्जन, विमला थपलिया, प्रवेश सुवेदी, रामहरि तिमिल्सिना र पूर्णबहादुर नेपालीका शोधपूर्ण लेख समेटिएका छन् । चार भागमा रहेको पुस्तकमा फरक-फरक विषयका १८ वटा लेख समावेश छन् । रासस

# सुरक्षाको व्यवस्था गर्न चिकित्सकको माग

काठमाण्डु । नेपाल चिकित्सक सङ्घले चिकित्सक तथा स्वास्थ्यकर्मीको सुरक्षाका लागि देशभरका स्वास्थ्य संस्था तथा अस्पतालमा सुरक्षाको व्यवस्था गर्न माग गरेको छ । चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि गालीगलौज, हातपात तथा अस्पताल भवन नै तोडफोड जस्ता घटना बढेको उल्लेख गर्दै सङ्घले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई सुरक्षाको प्रत्याभूति गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

“स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो) संशोधन ऐन २०७९ का सम्बन्धमा देशभरका सुरक्षा निकाय तथा न्यायिक एव अर्धन्यायिक निकाय अनविज्ञ हुनु अत्यन्तै चिन्ताको विषय बनेको छ । राज्यको तर्फबाट तर्जुमा गरिएका ऐन, कानुनबमोजिम चिकित्सक तथा स्वास्थ्यकर्मी सुरक्षित तवरले स्वास्थ्य सेवा प्रवाहमा समर्पित हुने उचित वातावरण सिर्जना गरिदिन अनुरोध गर्दछौं”, ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रमा नेपाल मेडिकल कलेज अत्तरखेल जोरपाटीमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि अभद्र व्यवहार भएको उल्लेख गर्दै सङ्घले आपत्ति जनाएको छ । गत मङ्गलबार उपचारका क्रममा भएको घटनालाई लिएर बिरामीका आफन्तले अस्पतालमा तोडफोड तथा चिकित्सक र स्वास्थ्यकर्मीलाई गालीगलौज गरी अभद्र व्यवहार गरिएको घटनाका सम्बन्धमा गृहमन्त्री श्रेष्ठको ध्यानाकर्षण गराएको छ ।

यस्तै अन्य अस्पतालमा भएका घटनाप्रतिसमेत सङ्घले ध्यानाकर्षण गराएको छ । सङ्घका अध्यक्ष डा अनिल विक्रम कार्कीले भन्नुभयो, “नारायणी अस्पताल वीरगञ्ज, सिन्धुली अस्पताल, सिरहा अस्पताललगायत देशका विभिन्न ठाउँमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई लक्षित गरी गालीगलौज, हातपात तथा अस्पताल भवन नै तोडफोड भएका घटनाक्रमले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीले असुरक्षित महसुस गरेको अवस्था छ ।”

उपचार प्रक्रियामा चित्त नबुझेका अवस्थामा कानुनी बाटो अवलम्ब गर्नुभन्दा अस्पताल तोडफोड र अभद्र व्यवहार गर्नेक्रम बढेको उल्लेख गर्दै सङ्घले आपत्ति जनाएको छ । रासस

# यी प्रदेशमा भइरहेको छ वर्षा

काठमाण्डु । हाल देशको पूर्वी तथा मध्य भू-भागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भू-भागमा स्थानीय वायु र पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ ।

यसका कारण हाल गण्डकी प्रदेशका थोरै स्थानमा र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखका मौसमविद् रोजल लामिछानेका अनुसार पछिल्लो तीन घन्टामा गण्डकी प्रदेशका थोरै स्थान, बागमती प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

काठमाडौँ उपत्यकासहित बागमती प्रदेशमा रातिको समयमा वर्षाको सम्भावना रहेको छ । यस्तै कोशी प्रदेश, मधेश प्रदेश र देशका पहाडी भू-भागमा बदली रहनुका साथै हल्का वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ । मौसमविद् लामिछानेले मनसुन प्रणाली क्रमिकरूपमा देशभर फैलिने क्रममा रहेको र यो देशभर विस्तार हुन अझै एक साता लाग्ने बताउनुभयो ।

गत जेठ ३१ गते बुधबार नेपालको पूर्वी भेग भएर मनसुन प्रणाली भित्रिएको थियो । मनसुन सुस्तगतिमा रहेकाले देशको पश्चिम क्षेत्रमा फैलिन केही दिन लाग्ने जनाइएको छ । रासस

# देशभरका सामुदायिक विद्यालय अनिश्चितकालिन बन्द हुने

**टुडे समाचारदाता**

काठमाण्डु । आइतबारदेखि सामुदायिक विद्यालय अनिश्चितकालिन बन्द हुने भएको छ । नेपाल विद्यालय कर्मचारी परिषद्ले आइतबारदेखि अनिश्चितकालिन सामुदायिक विद्यालय बन्द गर्न लागेको हो ।


विद्यालय बन्दको कार्यक्रम कार्यान्वयन गराउनका लागि परिषद्का महासचिव शान्तिनाथ योगीले गत शुक्रबार नै ७७ वटै जिल्ला कार्यसमिति र ७ सय ५३ स्थानीय पालिका कार्यसमितिलाई सर्कुलर पठाईसकेका छन् ।

परिषद्ले सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरूको विभिन्न सेवा सुविधा सहित पेशागत स्थायित्वको माग राख्दै




केही समय देखी आन्दोलन गर्दै आइरहेको छ । आन्दोलनकारी शिक्षकहरुका अनुसार पहिलो र दोस्रो चरणका कार्यक्रमहरु सम्पन्न भईसक्दा समेत आफनो माग प्रति सरकार गम्भिर नभएको तथा आन्दोलनको क्रममा उल्टै प्रहरी दमन गरे पछि पूर्वनिर्धारित कार्यक्रम अनुसार असार ३ गतेदेखि सामुदायिक विद्यालय बन्द गराउन लागिएको हो ।

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरूको सेवा सुविधाका विषय सम्बोधन गरे पनि बजेट बक्तब्यमा भने उक्त विषय छुटाएपछि परिषद् आन्दोलनमा उत्रिएको हो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# यथार्थपरक बजेट

मधेश प्रदेश सरकारले ल्याएको बजेट यथार्थपरक नै रहेको भन्नुपर्छ । बजेटले सस्तो लोकप्रियतालाई बढी महत्व दिएको छैन् । तर कार्यकर्तालाई खुशी गर्न बजेटमा साना योजनाहरु पर्याप्त समावेश गरिएकोछ । मधेश प्रदेशमा लागु गरिएको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमको हावा फुस्किसकेको छ । विगतमा नै बेटी मुद्दती खातालाई निरन्तरता दिन असफल सरकारले साइकलमा गरेको भ्रष्टाचारको प्रभाव नयाँ सरकारको पहिलो बजेटमा परेको छ । मधेश प्रदेश भवनको परिसरमा झण्डै ५ हजार साइकल थन्किएको छ । अख्तियार लागेको कारण त्यो साइकललाई कसैले छुन समेत चाहेका छैनन् । ५ हजार साइकल गोदाममा थन्काएर अर्थमन्त्रीले नयाँ साइकल खरिद गरी वितरण गर्नु मुनासिब ठानेनन् । नीति तथा कार्यक्रममा कक्षा १२ का छात्रालाई ल्यापटप दिने घोषणा गरिए पनि त्यसका लागि बजेट विनियोजन गरिएको छैन् । विगतमा सरकारलाई सर्वाधिक बदनाम गराउने मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गतका योजनाहरुलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिने बजेटमा भनिएको छ । सरकारले दलित बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाउन अभिभावकलाई प्रेरित गर्न उनीहरुको नाममा खाता खोलेर तत्काल नै २ हजार रुपैयाँ जम्मा गर्न बजेट विनियोजन गरिएकोछ । यसले बालबालिकाहरुलाई विद्यालयप्रति आकर्षण बढन सक्छ । हुनत शिक्षा क्षेत्रमा काम गर्ने ठूलठूला गैर सरकारी संस्था(एनजीओ)हरुले करोडौं बजेट हजम गर्नु बाहेक खासै उपलब्धि हासिल गर्न सकेको छैन् । प्रदेशको आठ जिल्लाका १ सय ३६ पालिका मध्ये कुनै पनि पूर्ण साक्षर घोषणा हुन सकेको छैन् । त्यसकारण शिक्षा,बालबालिकाको क्षेत्रमा काम गर्ने ठूला एनजीओहरुलाई प्रदेशमा ठगी गर्ने धन्धा सरकारले बन्द गराए मात्र यथार्थ विवरण प्राप्त हुन सक्छ । नेपालका ६३ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ । तर मधेश प्रदेशको एउटा पालिका पनि पूर्ण साक्षर घोषणा हुन सकेको छैन् । सरकारले शिक्षामा राम्रो बजेट विनियोजन गरेको छ । स्वास्थ्यमा ज्येष्ठ नागरिकहरुको सरकारी प्रयोगशालामा निःशुल्क परीक्षण र अस्पतालमा ओपीडी जाँच गराउन निःशुल्क रसिद काट्ने व्यवस्था गरेको छ । त्यो पर्याप्त भने छैन् । ज्येष्ठ, विपन्न, अशक्त नागरिकलाई सरकारले उपचार खर्चसमेत वहन गर्नुपर्छ । मधेश प्रदेशमा जनसंख्याको चाप अत्यधिक रहे पनि वनको अवस्था दयनीय छ । सरकारले वृक्षरोपणमा जोड दिएको छ । उद्योगीहरुको मेला आयोजना गरी प्रदेशमा लगानी भित्र्याउने वातावरण बनाउन प्रदेश सरकारले बजेटमा व्यवस्था गरेको छ । बजेटले पर्यटन क्षेत्रलाई पनि समेट्ने प्रयास गरेको छ । देश र विदेशमासमेत प्रचारप्रसार गरी पर्यटक भित्र्याउने सरकारको लक्ष्य रहेको छ । सरकारले वीरगञ्जको उद्देश्यहीन मधेश विश्वविद्यालयमा लगानी गरी केही व्यक्तिलाई पाल्ने काम बाहेक अन्य केही छैन् । मधेशको कुल ४० अर्बको बजेटमा पुँजीगत खर्च समयमै गर्न निर्देशिकाहरु बनाएर कात्तिक महिना भित्र ठेक्का प्रक्रियामा गइसक्ने बाध्यात्मक व्यवस्था गर्न थालेको छ । बजेटको यो पनि सकारात्मक पक्ष हो ।

# ग्रेटर नेपालको नक्सा र भारतमा हल्लीखल्ली



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नेपाल एक सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । नेपाल कहिँलेपनि कुनैपनि मुलुकको उपनिवेश नबनेको भनेर हामी गौरवान्वित पनि हुन्छौं । मध्यकालमा थुप्रै राज्य थियो । ति राज्यहरुबीच युद्ध भइरहन्थ्यो । त्यसकारण, सिमाना थपघट र राज्यको विलय हुने गर्दथ्यो । सोहीअनुरुप, नेपालको एकीकरण, विस्तार र युद्धमा पराजयपछि सीमाना खुम्चिएको हो ।

पृथ्वीनारायण शाहको मृत्युपछि राजकुमार बहादुर शाहको नायवीमा नेपालको सीमाना चारैतिर विस्तार भएर एक विशाल राष्ट्रको रुपमा स्थापित भइसकेको थियो । तर, दुईवटा युद्धमा पराजय भोगेपछि करिव आधा नेपालको भूभाग गुमिएको देखिन्छ । सन् १७९२को नेपालको चीनसँगको युद्ध र सन् १८१४मा इष्ट इन्डिया कम्पनीसँग युद्धमा विशाल नेपालको आधा भूभाग गुमेको हो ।

नेपालमा जहिलेपनि सन् १८१६मा विट्रिस इन्डियासँग भएको सुगौली सन्धिको चर्चा हुन्छ । तर, सन् १७९२मा मकवानपुरको वेत्रावतिमा चीनसँग भएको सम्झौताको सम्बन्धमा खासै चर्चा हुँदैन् ।

यो दुइटै सन्धिमा महत्वपूर्ण फरक छ । सुगौली सन्धिमा नेपालको सिमाना निर्धारण गरिएको थियो भने वेत्रावतीमा भएको सन्धिमा नेपालको सीमाना चीन सरकारको अधिकारीले गर्नेछ । त्यो बेलामा नेपाल कति त्रसित थिए । बुझ्न सकिन्छ । चीनले सीमाना निर्धारण गर्दा नेपाललाई निरीह भएर सहमति जनाउनु नै पर्‍यो । त्यो एक कसिमले लज्जास्पद सन्धि थियो ।

सुगौली सन्धि अघिको नेपालको नक्सालाई 'ग्रेटर नेपाल'को नक्सा भनेर नामाकरण गरिएको छ । हुन त, सार्वजनिक गरिएका ग्रेटर नेपालका नक्साभन्दा सन् १७९२मा चीनसँग युद्ध हुनुअघि नेपालको क्षेत्रफल अत्यधिक थियो ।

भारतले आफ्नो नयाँ संसद् भवनमा राखेको एक नक्सामा लुम्बिनी र विराटनगरपनि समावेश गरेको छ । त्यसपछि, सुगौली सन्धिको चर्चाका साथै नेपालको संसद्मा ग्रेटर नेपालको राख्ने चर्चा चुँलिएको छ । केही दिनअघि काठमाडौंका मेयर बालेन शाह आफू बैंगलोरमा रहेकै समयमा त्यहीँबाट आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल'को नक्सा राख्न अढाएको थियो । उनी श्रीमतीको स्वास्थ्य उपचारका लागि बेगलौर पुगेका थिए । नेपालको एक अधिकारिक कार्यालयमा दुई सयबर्ष अघिको नेपालको नक्सा राखिएको खवरले भारतमा नयाँ तरङ्ग उत्पन्न गऱ्यो ।

मेयर बालेन शाहले ग्रेटर नेपालको नक्सा आफ्नो कार्यकक्षमा राख्न लगाएपछि भारतको सञ्चार क्षेत्रमा हल्लीखल्ली मच्चिएको छ । शुरु शुरुमा यो विषयले भारतीय सञ्चारमाध्यमको लागि त्यति खासै चासोको विषय थिएन् । मेयर बालेनको सो कदमपछि नेपालमा विभिन्न दलका नेताहरुले पनि संसद्मा ग्रेटर नेपालको नक्साको चर्चाले दुवै देशको सञ्चारक्षेत्र र सामाजिक सञ्जालहरुमा प्रमुखताका साथ प्रशारण भइरहेको अवस्था छ । कतिपय, भारतीय नेताहरुको मिश्रित प्रतिक्रियापनि सुनिन्छ । ग्रेटर नेपालको नक्साले नेपालीहरु उत्साहित देखिन्छ । दुईसय बर्षअघि गुमेको भुभागलाई फिर्ता ल्याउनुपर्छ भनेर आवाजपनि उठ्न थालेको छ । यो नक्साको सन्दर्भमा भारतीय सञ्चारमाध्यमले विगतको नेपालको नक्सालाई स्विकार गरेको देखिएपनि दुवै देशको सम्बन्धलाई प्रतिकूल असर ल्याउने उद्देश्य लुकेको रुपमा व्याख्या गर्छन् । नेपालका कतिपय नेताहरुले बालेनको नौंटकीको संज्ञापनि दिएको छ । मेयरले सस्तो लोकप्रियताको लागि ग्रेटर नेपालको नक्सा झुण्डाएको तर्क दिने गर्छन् । युवावर्गले ग्रेटर नेपालको नक्सा संसद् भवनमा राख्नुपर्ने आवाज जोडतोडका साथ उठाइरहेको देखिन्छ ।

ग्रेटर नेपाल शब्द सुन्नमा धैरै मीठो लाग्छ, हामी नेपाली गौरवान्वित पनि हुन्छौं । एकताका नेपाल धैरै ठूलो थियो । अहिले सीमाना खुम्चिएको छ । संसद्मा सो नक्सा राखेपछि नेपालको जिम्मेवारीपनि थपिनेछ । दुईसय बर्ष अघिको नेपालको सो भूभागको जनताको ख्याल राख्नुपर्ने नेपालको कर्तव्यपनि हुन जान्छ । ग्रेटर नेपालका तत्कालीन नागरिकका सन्तान यतिखेर, जन्मसिद्ध नागरिक रुपमा रहेको र उनीहरुका सन्तान नागरिकताका लागि भौंतारिरहेका छन् । एक युवाले आत्महत्या गऱ्यो र अर्कोले आत्मदाहको प्रयास गरेको थियो । ग्रेटर नेपालको नक्साप्रति मोह राख्ने अनि सो गुमेको नेपाली जनताको सन्तानलाई अनागरिक बनाएर राख्ने सोचाई गलत हो ।

*नेपालमा भारतविरोधी मानसिकता छ । यो मानसिकताको बलमा बामपन्थीहरुको राजनीतिक सङ्गठन बलियो बनाउनमा महत्वपूर्ण योगदान गरेको छ । आफ्नो असफलताको दोष भारतमाथि थोपारिनमा पनि चुक्दैनन् । अव, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीका साथै बालेन शाहले पनि सो नीति अख्तियार गरेको देखिन्छ । प्रधानमन्त्री प्रचण्डलाई भारत सरकारले अति उन्नत मूर्रा जातका पन्द्रहवटा राँगा दियो । त्यस सन्दर्भमा, राष्ट्रिय स्वतन्त्र पार्टीका साँसदले संसद् भवनमा प्रचण्ड भारतबाट भैंसी चढेर आएको व्यङ्ग गऱ्यो । त्यो प्रचण्डसँगै भारतमाथि व्यङ्ग्य गरिएको अर्थमा लिएको छ । भारत सरकारले सो उन्नत जात भैंसी र राँगालाई विदेश पठाउनमा अघोषित रोक लगाएको छ ।*

**नेपाल- तिब्बत/चीन युद्ध**

विसं १८४९ (सन् १७९२)मा त्रिशुली नदीस्थित वेत्रावतीमा नेपाल-तिब्बत/ चीनबीच सन्धि भएको थियो । उक्त सन्धिले गर्दा उत्तरी क्षेत्रको धैरै ठूलो भूभाग गुम्यो । नेपाल र तिब्बतबीच किन युद्ध भयो भन्ने विषयमा उल्लेख गर्नु आवश्यक छ पृथ्वीनारायण शाहले नेपालको एकीकरण गऱ्यो । उनको मृत्यु हुँदा प्रतापसिँह नावालक थियो । बहादुर शाहले नायवीको रुपमा जिम्मेवारी बहन गर्दै नेपालको सिमानाको विस्तार गर्दै गएको थियो । तर, तिब्बतमाथि पटक पटक आक्रमणले गर्दा अन्ततः चीनले हस्तक्षेप गऱ्यो ।

एकताका नेपाली सेना तिब्बतलाई पराजित गर्दै ल्हासासम्म पुगेको थियो । नेपाली सेनाको आक्रमक गतिविधि देखेर केरुङमा दुवै देशबीच सन्धि भयो । उक्त सन्धिको आधारमा तिब्बतले प्रत्येक बर्ष ५० हजार रकम नेपाललाई जरीवानास्वरुप तिर्नुपर्ने विषयमा सहमति भयो । तिब्बतले एक बर्ष सो जरीवानाको रकम तिरेपनि अर्को बर्ष नतिर्दा नेपाली सेनाले तिब्बतमाथि आक्रमण गऱ्यो । त्यसपछि, नायव बहादुर शाहको नेतृत्वमा नेपाली सेना तिब्बतको दिर्घाचासम्म पुग्यो । त्यहाँका तिब्बती अधिकारीसमक्ष नेपाली पक्षले ५० धार्नी सुन र रु एकलाख रकम युद्धको क्षतिपूर्ति माग गरेको थियो । त्यहाँ आपसी सहमतिपछि नेपाली सेना फर्कयो । काठमाडौंमा जितको खुशीयाली मनाइरहेको थियो । सोही समयमा तिब्बतलाई सहयोग गर्न ठूलो सङ्ख्यामा चिनीयाँ सेनिक ल्हासा आइपुगेको र अव, नेपालमाथि आक्रमण गर्ने जानकारी प्राप्त भयो । तिब्बतमा रहेका चिनीयाँ अम्बान (उच्च अधिकारी)ले आफ्ना राजालाई खवर गरेपछि ८ मार्च १७९२ मा चीनको सैनिक ल्हासा पुगेको थियो । युद्ध शुरु भयो र चीन र तिब्बतका संयुक्त सेनाले नेपाली सेनालाई पछाडि धकेल्दै नुवाकोटको वैत्रावतिसम्म आइपुगेको थियो । केही दिनमैं काठमाडौं कब्जागर्ने हल्ला पनि चल्यो । काठमाडौंबाट मकवानपुर राजधानी सार्ने तयारीपनि तीव्र रुपमा शुरु भइसकेको थियो । त्यसपछि, वेत्रावतिमा ६ बुँदे सन्धि भयो ।

सो सन्धिको तेस्रो बुँदामा नेपाल र भोट(तिब्बत) को सिमाना चिनीयाँ अधिकारीले निर्णय गर्ने उल्लेख थियो । चीनका अधिकारीले उत्तरी सिमाना निर्धारण गर्दा नेपालको उत्तरी क्षेत्रका ठूलो भुभाग गुम्यो । नेपालको उत्तरी सिमाना प्रताप मल्लको समयदेखि लिएर विसं १८४६को केरुङ सम्झौतासम्मको अवधिमा नेपालको भुभाग आधा कुती केरुङसम्म पुगेको थियो । विसं १८४९को युद्धपछि कोदारी र रसुवामा सिमीत भयो ।

बहादुर शाहको अदुरदर्शी र निरन्तर युद्ध जारी राख्ने नीतिले गर्दा चीनसँग पराजित हुनुपऱ्यो । सो सन्धिको चौथो बुँदामा नेपालमा तेस्रो मुलुकबाट आक्रमण भएमा चीनले नेपाललाई सहयोग गर्नेछ । भनिन्छ, प्रधानमन्त्री भिमसेन थापाले विट्रिस इन्डियामाथि आक्रमण गर्नुभन्दा पहिले चीनसँग सम्पर्क गरेको थियो र सहयोग पाउने विषयमा विश्वस्त थियो । भिमसेन थापाको राजनैतिक पकड कमजोर हुन थालेकाले विट्रिस भारतसँग युद्ध गरेको चर्चा छ । दक्षिणको दुई गाउँको विषयमा विवाद नै युद्धको मुख्य कारक रुपमा देखिन्छ ।

सन् १८१४ देखि १८१६ सम्म नेपाल र विट्रिस भारतबीच युद्ध भएको थियो । दुई बर्षसम्म युद्ध गर्दा जनधनको व्यापक क्षतिका साथै धैरै ठूलो भूभागपनि अङ्ग्रेजले कब्जा गरिसकेको थियो । सन् १८१६मा सुगौली सन्धिपछि नेपालको धैरै ठूलो भूभाग गुम्यो । प्रधानमन्त्री भिमसेन थापाले विट्रिस इन्डियासँग मात्रै सीमा विवादनै मुख्य कारण हो भन्ने विषयमा कतिपय इतिहासकारको विमति पनि छ । इष्ट इन्डिया कम्पनीसँग युद्ध गरेर धैरै ठूलो भूभाग गुमाएको भएपनि भिमसेन थापालाई 'राष्ट्रवादी' को रुपमा सम्मान गरिन्छ । किनभने, उनले विट्रिस इन्डियासँग युद्ध गरेको थियो । बडो गज्जव छ, उनले कुर्सी बचाउन र अर्काको बहकाउमा आएर नेपालको यत्रो ठूलो भूभाग गुमाइयो । कुन आधारमा राष्ट्रप्रति समर्पित व्यक्ति भन्ने ?

बरु, जङ्गबहादुर राणाको कुटनीतिले गर्दा नयाँ मुलुकको रुपमा चार जिल्ला फिर्ता भयो । सन् १८५७मा भारतमा सैनिक विद्रोह हुँदा अग्रेजहरुलाई स्थितिलाई आफ्नो नियन्त्रणमा लिन असम्भवजस्तै भयो । त्यसपछि, अङ्ग्रेजको आग्रहमा नेपाली सेनाहरु भारत पुगेर विद्रोहीहरुमाथि कडा प्रहार गर्दै विद्रोहीमाथि नियन्त्रण कायम गरेको थियो । उतिखेर, नेपाली सेनाहरुले लखनऊमा धैरै ठूलो लुटपाट मच्चाएको थियो । जेभएपनि, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका क्षेत्रलाई तत्कालीन विट्रिस सरकारले नेपाललाई फिर्ता गरेको थियो ।

सन् १९४७मा अङ्ग्रेजले तत्कालीन राणा शासकलाई सो गुमेको भुभाग फिर्ता गर्न खोजेको थियो । उतिखेर, राणा शासकले लिने इच्छा प्रकट गरेन् । उक्त भुभाग भारतबाट फिर्ता ल्याउनका लागि सर्वोच्चमा मुद्धापनि परेको थियो । मुलुकमा गणतन्त्र छ, अव, दरिलो ढङ्गले भारतसमक्ष माग गर्नुपर्छ । ग्रेटर नेपालको नक्सामा विहारको राजधानी पटनानजिकको दानापुर जिल्लासम्म नेपाल थियो । उत्तर प्रदेशका दक्षिण र पश्चिम क्षेत्रका समतल भुभागका साथै पश्चिम बंगाल र बङ्गलादेशका दुई जिल्ला समेत पर्छ ।

प्रधानमन्त्री मोहन शमशेर र भारतको तर्फबाट भारतीय राजदुत चन्देश्वरनारायण सिहबीच नेपाल-भारत शान्ति तथा मैत्री सन्धि २००७ साल साउन ७ गते (सन् १९५०को ३१ जुलाई)मा दस बुँदै सम्झौता भएको थियो । सो सम्झौताको धारा -८मा जहाँसम्म यहाँ उल्लेख भएका कुराहरुको सवाल छ, तिनको हकमा यो सन्धिले नेपाल सरकार र भारत सरकारको तर्फबाट विट्रिस सरकारको बीचमा भएका सवै सन्धिहरु, सम्झौताहरु र प्रतिज्ञापत्रहरुलाई खारेज गरेको छ । कतिपयले विट्रिस सरकारबीच भएका सवै सम्झौता खारेज भएकाले सन् १८१६मा सम्पन्न सुगौली सन्धिपनि खारेज भएको तर्क दिन्छन् । सो सम्झौताको धारा-८को शुरुमैं के उल्लेख गरिएको छ भने, जहाँसम्म यहाँ उल्लेख भएका कुराहरुको सवाल छ, तिनको हकमा सवै सन्धिहरु खारेज गरेको भनिएको छ । सम्झौताको दसवटै बुँदामध्ये कुनैपनि बुँदा सिमाना र नक्साको विषय उल्लेख गरिएको छैन् । उल्लेख गरिएका बुँदा भित्रका सन्धि, सम्झौताहरु खारेज भएको बुझिन्छ ।

नेपालमा भारतविरोधी मानसिकता छ । यो मानसिकताको बलमा बामपन्थीहरुको राजनीतिक सङ्गठन बलियो बनाउनमा महत्वपूर्ण योगदान गरेको छ । आफ्नो असफलताको दोष भारतमाथि थोपारिनमा पनि चुक्दैनन् । अव, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीका साथै बालेन शाहले पनि सो नीति अख्तियार गरेको देखिन्छ । प्रधानमन्त्री प्रचण्डलाई भारत सरकारले अति उन्नत मूर्रा जातका पन्द्रहवटा राँगा दियो । त्यस सन्दर्भमा, राष्ट्रिय स्वतन्त्र पार्टीका साँसदले संसद् भवनमा प्रचण्ड भारतबाट भैंसी चढेर आएको व्यङ्ग गऱ्यो । त्यो प्रचण्डसँगै भारतमाथि व्यङ्ग्य गरिएको अर्थमा लिएको छ । भारत सरकारले सो उन्नत जात भैंसी र राँगालाई विदेश पठाउनमा अघोषित रोक लगाएको छ । 'इतिश्री' !

# ज्येष्ठ नागरिकसम्बन्धी ऐन छ, कार्यान्वयन छैन

सुशील दर्नाल

रामेछापका डिलबहादुर मगर शुक्रबार बिहान पुतलीसडक जानका लागि कोटेश्वरबाट नेपाल यातायात चढ्नुभयो । सत्तरी वर्षीय डिलबहादुर बस्नका लागि ज्येष्ठ नागरिक सीट त थियो तर खाली थिएन । ज्येष्ठ नागरिक सीटमा एक जना युवा बसिरहेका थिए । यसै पनि नेपाल यातायातमा भिड हुन्छ । त्यो दिन खुट्टासमेत टेक्ने ठाउँ थिएन । गाडीको गल्लीभरी यात्रु उभिएर यात्रा गरिरहेका थिए । ती युवाले ७० वर्षीय डिलबहादुर निकै कष्टका साथ उभिएर यात्रा गरेको देखे पनि नदेखे झैं गरी बसिरहे ।

सहचालकले ज्येष्ठ नागरिकलाई सीट छोड्न आग्रह गर्दासमेत उल्टै अटेर गरिरहे । अनामनगर पुगेपछि सहचालनले डिलबहादुरसँग भाडा मागे । डिलबहादुरले आफू ज्येष्ठ नागरिक भएकाले भाडामा छुट दिन आग्रह गर्दै १० रुपैयाँ मात्रै दिए । तर सहचालकले ज्येष्ठ नागरिकलाई भाडामा छुट दिनेबारे आफूलाई कुनै जानकारी नभएको भन्दै पूरै भाडा दिन अनुरोध गरे । डिलबहादुरले पटकपटक सहचालकलाई कानुनमा ज्येष्ठ नागरिकलाई यातायातमा ५० प्रतिशत छुट दिने व्यवस्था भएको बताउँदा पनि सहचालकले उल्टै झगडा गर्दै पूरै भाडा लिइछाडे ।

त्यसैगरी चितवनका ६६ वर्षीय हर्खबहादुर रावतले सञ्चो नभएपछि उपचारका लागि एक निजी अस्पतालमा परीक्षण गराउनुभयो । परीक्षण गराउँदा उहाँलाई घाँटीमा समस्या भएको र शल्यक्रिया गर्नुपर्ने भयो । हर्खबहादुरले शल्यक्रियाका लागि लाग्ने खर्चमा ज्येष्ठ नागरिकले पाउनुपर्ने ५० प्रतिशत छुटको व्यवस्था गर्न अस्पतालसँग आग्रह गर्नुभयो तर अस्पतालले छुट दिन नसकिने बतायो । यसरी नीति/नियम र ऐन/कानूनमा ज्येष्ठलाई नागरिकलाई यातायात र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिने व्यवस्था भएपनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा 'सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुई सीट सुरक्षित राख्नु पर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तिमा ५० प्रतिशत छुट दिनु पर्नेछ' भनिएको छ । ऐन ल्याएको १७ वर्ष हुँदा पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । ऐनमा व्यवस्था भए पनि ज्येष्ठ नागरिकहरु न त ज्येष्ठ नागरिक सीटमा बस्न पाएका छन, न त भाडामा ५० प्रतिशत छुट नै भएको छ । ऐनमा 'सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको सङ्ख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने छ' भनिएको छ । तर यो कानूनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वनय हुन सकेको छैन ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका निवर्तमान अध्यक्ष मदनदास श्रेष्ठले ज्येष्ठ नागरिकलाई यातायात र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिने भनिए पनि व्यावहारिक रुपमा कार्यान्वयन हुन नसकेको भन्दै गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "यातायातमा ५० प्रतिशत छुटको व्यवस्था कत्ति पनि लागू भएको छैन, स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिनेबारे सरकारी अस्पतालमा कताकति लागू भएको छ, तर निजी अस्पतालमा कत्ति पनि लागू भएको छैन ।" ऐन बनाएपछि कार्यान्वनयन भए/नभएको अनुगमन गर्ने र कार्यान्वयन गराउने जिम्मेवारी सरकारकै भएको उहाँको भनाइ थियो ।

ऐनमा सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने पनि उल्लेख गरिएको छ । त्यस्तै ऐनमा स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ र खानेपानी, बिजुली, टेलिफोनलगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ र ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्नेछ पनि भनिएको छ । यी कानूनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन भएको पाइँदैन ।

*ऐनमा सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने पनि उल्लेख गरिएको छ । त्यस्तै ऐनमा स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ र खानेपानी, बिजुली, टेलिफोनलगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ र ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्नेछ पनि भनिएको छ । यी कानूनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन भएको पाइँदैन ।*

महासङ्घका अध्यक्ष छत्रबहादुर प्रधानले ऐन लागू भएको १७ वर्षसम्म पनि कार्यान्वयन नहुनु विडम्बना भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "ऐन भनेको राज्यको प्रतिबद्दता हो, तर १७ वर्ष भयो लागू हुन सकेको छैन, राज्यले ऐन ल्यायो तर कार्यान्वयन भए नभएको बारे कहिल्यै चासो देखाएन ।"

यातायातमा ज्येष्ठ नागरिकलाई ५० छुट कार्यान्वयनका लागि सरकारले नै सवारीसाधन तोकेर कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने व्यवस्था कार्यान्वयन हुनु त कता हो कता अस्पतालले ज्येष्ठ नागरिकले सिटामोलसमेत सित्तैमा दिदैन ।" सर्वोच्च अदालतको २०६७ चैत २४ गतेको फैसलाले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा भाडामा ५० प्रतिशत छुट दिन, सरकारी अस्पतालमा निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटलाई कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो ।

नेपालको संविधान, २०७२ को धारा ४१ मा ज्येष्ठ नागरिकको हकः "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भनी ज्येष्ठ नागरिकको हकलाई मौलिक हकमा समावेश गरिएको छ । त्यसैगरी राज्यका नीतिहरु (धारा ५१, (ञ) "सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीति" (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने भनिएको छ । ज्येष्ठ नागरिकहरुले विगत लामो समयदेखि स्वास्थ्य उपचार, यातायात भाडामा छूटको व्यवस्था र सिटको व्यवस्थालगायतका माग गर्दै आएका छन् । ज्येष्ठ नागरिकले सरकारले दिँदै आएको मासिक भत्तालाई बढाउनुपर्ने, स्वास्थ्य र यातायातमा दिइएको ५० प्रतिशत छुटको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्नेलगायतका माग राखेर विभिन्न सङ्घर्षका कार्यक्रम समेत गर्दै आएका छन् ।

मानव जीवन चक्रमध्येको एक उमेर समूह जुन उमेरसँगै परिपक्क बन्दै व्यवहारमा परेर, भोगेर र बुझेर खारिएका व्यक्तिलाई ज्येष्ठ नागरिक भनिन्छ । नेपाल सन्दर्भमा उमेरले ६० वर्ष पार गरेका व्यक्तिलाई ज्येष्ठ नागरिकको दर्जामा राखिएको छ । ऐनमा ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जतअनुसार पोलनपोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुने भनिएको छ । अहिले पनि परिवारको हेला र वेवास्ताका कारण ज्येष्ठ नागरिकहरु वृद्धाश्रममा बस्न बाध्य छन् ।

सन् २०१७ मा ६० वर्षमाथिका ज्येष्ठ नागरिकको सङ्ख्या विश्वको जनसङ्ख्याको १३ प्रतिशत रहेको थियो । विश्वमा ज्येष्ठ नागरिकको जनसङ्ख्या वार्षिक तीन प्रतिशतले बढिरहेको र सन् २०५० सम्ममा करिब २१ प्रतिशत हुने र सो अवधिसम्म ज्येष्ठ नागरिकको कूल सङ्ख्या १० वर्षमुनिका कुल बालबालिकाभन्दा बढी हुने अनुमान गरिएको छ ।

अहिले नेपालीको सरदर आयु दर ६८ वर्ष पुगेको छ । यसको कारण ६० वर्षे ज्येष्ठ नागरिकको सङ्ख्या तुलनात्मक रुपमा बढदै आएको छ । राष्ट्रिय जनगणना २०२८ मा ५.६१ प्रतिशत रहेको ज्येष्ठ नागरिकको सख्या २०३८मा ५.७१ प्रतिशत पुग्यो । यसैगरी २०४८ मा ५.८१ प्रतिशत रहेको ज्येष्ठ नागरिकको सङ्ख्या २०५८ मा वृद्धि भई ६.५० प्रतिशत रहेको थियो । १० बर्ष पछि २०६८ मा ८.१३ प्रतिशत ज्येष्ठ नागरिक रहेका छन् । २०७८ सालको जनगणनाअनुसार ज्येष्ठ नागरिक जनसङ्ख्या १०.१५ प्रतिशत पुगेको छ । अग्रज समाजका अध्यक्ष महाप्रसाद पराजुलीले ज्येष्ठ नागरिकको अनुभवलाई राज्यले सम्मान गर्दै उनीहरुले पाउनु पर्ने सेवा सुविधालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो । संयुक्त राष्ट्रसङ्घले सन् १९९१ मा ववृद्धवृद्धाको सुरक्षा, स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिने प्रस्ताव पारित गरिसकेको छ । 'ज्येष्ठ नागरिक' भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

यसैगरी 'असहाय ज्येष्ठ नागरिक' भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको व्यक्तिलाई बुझिन्छ । पैतृक सम्पत्तिमा छोराछोरीको हक दाबी नलाग्ने, आमा बाबु जीवित रहन्जेल पैतृक सम्पत्ति छोराछोरीको नाममा नामसारी गर्न नपाइने र बाबु आमाका विरुद्धमा कुनै वहानामा उजरी गर्न नपाइने विषयलाई कानूनमा नै व्यवस्था गर्नुपर्ने माग समेत ज्येष्ठ नागरिकले गर्दै आएका छन ।

पछिल्लो समयमा संयुक्त भन्दापनि एकल परिवारको संस्कृति झन झन मौलाइरहेको सन्दर्भमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनी संविधानमा उल्लेख अधिकारका आधारमा जतिसक्दो चाँडो ऐन/कानून निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा वास्तवमा ज्येष्ठ नागरिकप्रति अतिकति भएपनि न्याय हुने देखिन्छ ।

# देशप्रति समर्पित राष्ट्रिय शक्ति निर्माण आवश्यक : अध्यक्ष ओली



काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशप्रति समर्पित राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताउनुभएको छ । ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा आज आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले इमान्दारितमका साथ देशप्रति समर्पित र जनतालाई सुखी बनाउन सक्ने राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताउनुभएको छ।

"हामी एउटा राष्ट्रिय शक्ति निर्माण गर्न चाहन्छौँ, जो देशप्रति समर्पित होस र त्यसले मुलुकको चौतर्फी विकास, सुरक्षा तथा न्याय प्रदान गर्न सकोस", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले कसैले पनि पराजित गर्न नसक्ने खालको राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको बताउनुभयो । उहाँले निष्ठा र इमान्दारिताका साथ सक्रिय भइ जनताको जीवनमा परितर्वन ल्याउने गरी काम गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो।

उहाँले एमाले सबैका लागि एउटै परिवार जस्तो भएकाले योग्यता र क्षमताका आधारमा जिम्मेवारी दिइने बताउनुभयो । उहाँले पार्टीमा चाकडी चल्ने स्पष्ट पार्दै कामका आधारमा मूल्याङ्कन हुने बताउनुभयो।

"कसले कति चाकडी गर्छ भन्ने कुरा पार्टीमा हुँदैन । कामको मूल्याङ्कनबाट आएको पार्टी हो", उहाँले भन्नुभयो, "यो आदेशबाट नियुक्त र बर्खास्त गर्ने पार्टी पनि होइन। एमालेले भन्ने बेलामा एउटा र गर्ने बेलामा अर्को काम गर्दैन।"

नेपाली समाजको आधुनिक जागरण, सचेतनामा एमालेको भूमिका रहेको भन्दै उहाँले सामाजिक न्याय, समानता, पछाडि परेका समुदायको हकअधिकारका लागि कम्प्युनिष्ट पार्टी स्थापना गरिएको बताउनुभयो। रासस

# आयोजनालाई व्यवस्थित बनाउन सरकारको सहयोग रहन्छ : प्रधानमन्त्री दाहाल

हेलम्बु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मेलम्ची खानेपानी आयोजनालाई थप व्यवस्थित बनाउन सरकारका तर्फबाट पूर्ण सहयोग रहने बताउनुभएको छ।

मेलम्ची खानेपानी आयोजनाको स्थलगत अवलोकनका लागि सिन्धुपाल्चोकको हेलम्बु-१ अम्बाथान आइपुग्नुभएका प्रधानमन्त्री दाहालले याङ्री र लार्के खोलाको पानी ल्याउन सरकारका तर्फबाट तत्काल पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"आयोजना उद्घाटनका क्रममा आउने इच्छा थियो, त्यतिबेला म प्रधानमन्त्री थिइँन, खानेपानी मन्त्रालय माओवादी पार्टीकै भागमा थियो, आयोजनालाई व्यवस्थित बनाउन म पहल गुर्छ", उहाँले भन्नुभयो।



प्रधानमन्त्री दाहालले मेलम्ची खोलामा आएको बाढीले बगाएको सडकलाई थप व्यवस्थित गर्न सरकारले आवश्यक बजेट व्यवस्था गर्ने बताउनुभयो। "यसका बारेमा आवश्यक निर्णय सरकारका तर्फबाट लिइन्छ", उहाँले भन्नुभयो, "थप बजेटको प्रबन्ध गर्छौं, बजेटको व्यवस्था भयो भने भइपरी आउने काम गर्न सहज हुन्छ।"

प्रधानमन्त्री दाहालले स्थानीयवासीले उठाएका माग सम्बोधनका लागि आफू प्रतिबद्ध र चिन्तित रहेको बताउनुभयो। "मलेम्ची खानेपानी आयोजना सम्पन्न भयो भनेर विकास समिति खारेज गरिएको थियो, त्यसबाट आयोजनालाई व्यवस्थापन गर्न समस्या भएकातर्फ मेरो ध्यानाकर्षण भएको छ", उहाँले भन्नुभयो। सो क्रममा मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले आयोजनाका बारेमा प्रधानमन्त्री दाहाललाई जानकारी गराउनुभएको थियो । उहाँले आयोजनालाई नियमित र व्यवस्थितरुपमा सञ्चालन गर्नका लागि पूर्ण सहयोग हुनुपर्ने बताउनुभयो।

गौरवको आयोजनाको प्रभावकारी सञ्चालन तथा निर्माणमा तीव्रता ल्याउन प्रधानमन्त्री दाहालले स्थलगत अवलोकन गर्दै आउनुभएको छ। उहाँका साथमा खानेपानी मन्त्री महिन्द्र राय यादव पनि मेलम्ची आइपुग्नुभएको छ।

विसं २०७८ असार १ गते मेलम्ची खोलामा बाढी र पहिरो आउँदा खानेपानी आयोजनाको मुहानमा क्षति पुगेको थियो । वर्खा सकिएपछि मुहान क्षेत्र मर्मत गरेर आयोजना पुनःसञ्चालन गरिएको थियो । विसं २०७७ चैतमा पहिलोपटक मेलम्चीको पानी अस्थायीरुपमा काठमाडौं उपत्यकामा वितरण थालिएको थियो । विसं २०७८ असारमा मेलम्ची खोलामा आएको बाढी र पहिरोले मुख्य सुरुङबाहेकमा क्षति गरेपछि पानी वितरण रोकिएको थियो। मुहानमा मर्मत गरेर २०७८ चैतदेखि पुनःमेलम्चीको पानी वितरण थालिएको थियो। रासस

# नेपालको भूमिमा चीन विरोधी गतिविधि हुन दिन्नौँ : अध्यक्ष तिमिल्सिना

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपालको भूमिलाई चीनको अखण्डतामा आँच आउने कुनै गतिविधि हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

चीनको स्वशासित क्षेत्र तिब्बतमा आयोजित पाँचौँ चीन तिब्बत पर्यटन तथा संस्कृति एक्स्पोलाई सम्बोधन गर्दै अध्यक्ष तिमिल्सिनाले भन्नुभयो, "शान्तिपूर्ण सहअस्तित्वका पञ्चशीलका सिद्धान्तका आदर्शहरूमा दुवै देशको अटल विश्वास छ । चीन र नेपाल एक अर्काको स्वाभिमान, अस्तित्व र अखण्डताको सधैँ सम्मान गर्दै आएका छन् ।" विश्व व्यवस्थालाई न्यायोचित, समावेशी, निष्पक्ष र नियममा आधारित बनाउन तथा आर्थिक विश्वव्यापीकरण



र बहुपक्षीयतालाई प्रवर्द्धन गर्न र गरिबी निवारणमा चीनले हासिल गरेको उपलब्धि विश्वका लागि एक अनुपम उदाहरण बनेको चर्चा गर्दै अध्यक्ष तिमिल्सनाले विकासोन्मुख र अतिकम विकसित मुलुकको हित प्रवर्द्धनार्थ चीनले खेल्दै आएको नेतृत्वदायी भूमिकाको सराहना पनि गर्नुभयो।

तिमिल्सिनाले नेपाल सधैँ एक चीन नीतिको पक्षमा स्पष्ट रूपमा अडिग रहेकाले स्पष्ट गर्नुभयो । विश्व शक्तिको रूपमा उदाएको चीनले भौगोलिक र सामरिक हिसाबले सानो छिमेकी मुलुक नेपालको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको सम्मान गर्दै आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "नेपाल पनि सधैँ एक चीन नीतिको पक्षमा स्पष्ट रूपमा अडिग छ र आफ्नो भूमिलाई चीनको अखण्डतामा आँच आउने गतिविधिका लागि प्रयोग हुन नदिन प्रतिबद्ध छ।"

नेपाल-चीनले एक अर्काको स्वाभिमानलाई सम्मान गर्दै आएको उल्लेख गर्दै अध्यक्ष

उहाँले नेपाल र तिब्बतबीच ऐतिहासिक समयदेखि चलिआएका व्यापार र लगानी नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धका आधारभूत खम्बा भएको बताउनुभयो । अध्यक्ष तिमिल्सिनाले कोभिड महामारीका समयमा नेपाल र चीनबीचको व्यापार र लगानीका गतिविधिहरु प्रभावित भएको तथा अहिले तीन वटा नाकाहरु खुला भएकाले यसले व्यापार र लगानीमा प्रवर्द्धन गर्ने विश्वास व्यक्त गर्नुभयो।

मुस्ताङ र तिब्बतको ढोङ्वासेन जिल्लाको सिमानामा पर्ने कोरल्ला नाकालाई छिटो सञ्चलान गर्न आवश्यक रहेको बताउँदै उहाँले नेपालको उत्तरमा तिब्बत र दक्षिणमा भारत जोड्ने कालीगण्डकी करिडोर निर्माण अन्तिम चरणमा रहेकाले कालीगण्डकी करिडोर हुँदै मानसरोवर यात्रासमेत छोटो र सहज हुने धारणा राख्नुभयो।

कोराला नाकामा तिब्बततर्फ भन्सार पूर्वाधारको निर्माण कार्य तीव्र रुपमा अगाडि बढिरहेको र नेपालतर्फ भन्सार पूर्वाधारको निर्माण कार्य सुरु गर्न नसकिएको अवस्थामा नेपालतर्फ भन्सार पूर्वाधार बनाउन तिब्बत सरकारको सहयोगको अपेक्षा गरेको अध्यक्ष तिमिल्सिनाको भनाइ छ।

उहाँले नेपालको मुस्ताङ जिल्ला र तिब्बतको ढोङ्वासेन जिल्लाको सिमानामा हरेक वर्ष जुन र सेप्टेम्बर महिनामा लाग्दै आएको नेचुङ (लिक्ची) मेला रोकिएको हुँदा मेला सुचारु गर्न पनि आग्रह गर्नुभयो।

अध्यक्ष तिमिल्सिनाले नेपालबाट तिब्बततर्फ निकासी हुने जनवारको आहारमा प्रयोग हुने तयारी घाँस तथा फलफूल, तरकारी र जडिबुटी जस्ता कृषिजन्य उत्पादनको निकासीमा तिब्बत सरकारले भन्सार प्रक्रिया सहजीकरण गर्दा दुई देशबीचको व्यापार असन्तुलन घट्ने विश्वास पनि व्यक्त गर्नुभयो।रासस

# समाजवादी मोर्चा घोषणा हुन्छ : उपाध्यक्ष पाण्डे

चितवन । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्र पाण्डेले सरकारमा रहेका र सरकार बाहिर रहेका कम्युनिष्ट दलबीच कार्यगत एकता असार ४ गते हुने बताउनुभएको छ।

समाजवादी प्रेस सङ्गठन नेपाल चितवनले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले असार १ गते घोषणा गर्ने भनिएको समाजवादी मोर्चा प्राविधिक कारणले केही दिन ढिला हुन पुगेको बताउनुभयो। उहाँले यस विषयमा छलफल जारी रहेको जानकारी दिनुभयो।

उपाध्यक्ष पाण्डेले भन्नुभयो, "कम्युनिष्टबीच कार्यगत एकता गर्दै देशको राजनीतिक अस्थिरता रोक्नका लागि मोर्चा गठन गर्न लागिएको हो ।" सरकारमा रहेका र बाहिर रहेका कम्युनिष्ट पार्टीबीच भएका छलफल टुङ्गिए पनि केही प्राविधिक समस्याका कारण घोषणामा ढिलाइ भएको उहाँको भनाइ थियो । उहाँले थप्नुभयो, "सरकारमा देखिएको अस्थिरता रोक्न र सबैलाई एकीकृत गरेर अगाडि बढ्न सहज होस् भनेर मोर्चा गठनको पहल एक वर्षअघिदेखि भएको थियो।"

सरकारमा रहेका दलले सरकार सञ्चालनमा सहयोग गर्ने र बाहिर रहेका दलले बाहिरी वातावरण तयार गर्ने गरी मोर्चा गठन गर्न लागिएको उपाध्यक्ष पाण्डेले बताउनुभयो।

नक्कली भुटानी शरणार्थी प्रकरणमा आरोपी पुर्पक्षमा जानुले भ्रष्टाचार विरुद्धको अभियान सुरु भएको उहाँले बताउनुभयो । सुरुआतीमा पक्राउ परेका मात्रै नभई आरोपितलाई समेत कानुनी कठघरामा ल्याउनुपर्ने उपाध्यक्ष पाण्डेले पत्रकार सम्मेलमा जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "नक्कली भुटानी शरणार्थीका विषयमा अनुसन्धान जहाँदेखि रोकिएको छ त्यहीँबाट पुनःसुरु गर्नुपर्छ । जो संलग्न भए पनि कारबाहीको दायरामा ल्याउनुपर्छ।"

फरक प्रसङ्गमा उहाँले बजेट हरेक निर्वाचन क्षेत्र र जिल्लामा समानुपातीक हुन जरुरी रहेको बताउनुभयो । अहिलेको बजेटमा विभेद देखिएको भन्दै उहाँले यसलाई सच्याएर जानुपर्ने बताउनुभयो।

उपाध्यक्ष पाण्डेले कम्युनिष्टबीच कार्यगत एकता गर्दै देशको राजनीतिक अस्थिरता रोक्नका लागि समाजवादी मोर्चा गठन गर्न लागिएको बताउनुभएको छ । सरकारमा रहेका र सरकार बाहिर रहेका कम्युनिष्ट दलबीच यही असार ४ गते कार्यगत एकता हुन लागेको उहाँले बताउनुभयो।

समाजवादी प्रेस सङ्गठन नेपाल चितवनले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले यस विषयमा छलफल जारी रहेको बताउनुभयो । सरकारमा रहेका र बाहिर रहेका कम्युनिष्ट पार्टीबीचको छलफलका टुङ्गिए पनि केही प्राविधिक समस्याका कारण घोषणामा ढिलाइ भएको उपाध्यक्ष पाण्डेको भनाइ थियो।

उहाँले थप्नुभयो, "सरकारमा देखिएको अस्थिरता रोक्न र सबैलाई एकीकृत गरेर हिँड्न सहज होस् भनेर यो मोर्चा गठनको पहल एक वर्षअघिदेखि भएको हो ।" सरकारमा रहेका दलले सरकार सञ्चालनमा सहयोग गर्ने र बाहिर रहेका दलले बाहिरी वातावरण तया गर्ने गरी मोर्चा गठन गर्न लागिएको उहाँले बताउनुभयो । नेकपा एमालेले संसद् भङ्ग गर्नु गल्ती भएको आत्मालोचना गरेमा मोर्चामा ल्याउन सकिने तर गल्ती स्वीकार नगरे मोर्चामा ल्याउनुको अर्थ नरहने उपाध्यक्ष पाण्डेले उल्लेख गर्नुभयो।

फरक प्रसङ्गमा उहाँले बजेट हरेक निर्वाचन क्षेत्र र जिल्लामा समानुपातीक हुन जरुरी रहेको बताउनुभयो। अहिलेको बजेटमा विभेद देखिएको भन्दै उहाँले यसलाई सच्याएर जानुपर्ने बताउनुभयो। यो सच्याउन नसके सरकारमा बस्नुको अर्थ नरहने उल्लेख गर्दै उपाध्यक्ष पाण्डेले बजेट पास हुने समयसम्म सबैको समस्या समाधान हुनेमा विश्वास व्यक्त गर्नुभयो। रासस

# खेलाडीको भविष्य सुनिश्चित गर्छौं : मन्त्री लिम्बू

पोखरा । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले खेलाडीको भविष्य सुनिश्चित हुने गरी सरकारले कार्यक्रम ल्याउने बताउनुभएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएर देशको नाम राख्ने खेलाडीको खेलपछिको जीवन सरल र सहज हुने गरी सरकारले कानुनी व्यवस्था गर्ने उहाँले स्पष्ट पार्नुभयो।

पोखरा रङ्गशालामा शनिवारदेखि सुरु भएको तेस्रो प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो प्रतियोगिताको उद्घाटन गर्दै उहाँले नेपाली खेलकुदको विकास गर्न खेलकुदमा लाग्ने खेलाडीको भविष्य सुनिश्चित पार्ने कानुन ल्याउने तयारी सरकारले गरिरहेको जानकारी दिनुभयो।

नेपालको खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रको समेत साथ आवश्यक रहेको उहाँले बताउनुभयो। खेलकुदमा निजी क्षेत्रको लगानी सुनिश्चित गर्दै खेलकुदमा लागेका अभिभावकलाई समेत सम्मानित हुने वातावरण सरकारले बनाउने मन्त्री लिम्बूको भनाइ छ।

खेलकुदका संरचनालाई सङ्घीयताअनुसार विकास गरिने उहाँले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "देशमा सङ्घीय शासन व्यवस्था सुरु भएको पाँच वर्ष पूरा भइसकेको छ । अब पनि पुरानै संरचनामा बसेर नेपालको खेलकुदको विकास हुन सक्दैन, यसको परिवर्तन गर्नु आवश्यक छ।"

प्रदेश र जिल्लाका विगतका खेलकुदका कार्यालय तथा संरचनालाई सङ्घीयताअनुसार परिवर्तन गर्नुपर्नेमा मन्त्री लिम्बूले जोड दिनुभयो । प्रतियोगितामा गण्डकी प्रदेशका सात जिल्लाका तीन सयभन्दा बढी खेलाडीको सहभागिता रहेको आइटिएफ तेक्वान्दो सङ्घ गण्डकीका अध्यक्ष घमबहादुर थापाले जानकारी दिनुभयो।

प्रतियोगितामा कास्की, बागलुङ, पर्वत, म्याग्दी, नवलपुर, स्याङ्जा र तनहुँका महिला तथा पुरुष खेलाडीको सहभागिता छ । प्रतियोगितामा २८ स्वर्ण, २८ रजत र ३२ कास्य पदकका लागि प्रतिस्पर्धा हुने गण्डकीका उपाध्यक्ष तथा रेफ्री अफिसियल संयोजक आकाशचन्द्र घर्तीमगर जानकारी दिनुभयो।

खेलाडीबीच एकल काता स्पाइरिङ तथा एकल प्याट्र्नमा प्रतिस्पर्धा हुनेछ । जसमा स्पाइरिङतर्फ ४५ देखि ८५ केजी तौलसम्म तथा महिलातर्फ ४० देखि ७० केजीसम्म प्रतिस्पर्धा गराइने भएको छ। यसैगरी एकल प्यार्टनतर्फ ग्रिन बेल्टदेखि ब्ल्याकबेल्ट तेस्रो डानसम्मका खेलाडी प्रतिस्पर्धामा उत्रिने छन् । सो अवसरमा विभिन्न खेल प्रदर्शनीसमेत साथै राष्ट्रिय खेलकुदमा प्रतियोगिता स्वर्ण विजेता खेलाडीलाई सम्मान गर्ने कार्यक्रम छ। रासस

# राजनीतिलाई सङ्लो बनाउने अभियानमा एमाले छ : नेता विष्ट

लेखनाथ । नेकपा (एमाले) का सचिव एवम् गण्डकी प्रदेश इन्चार्ज गोकर्ण विष्टले राजनीतिलाई सङ्लो बनाउने अभियानमा एमाले रहेको बताउनुभएको छ।

प्रेस चौतारी गण्डकीद्वारा शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले पार्टीभित्र केही नेताले गल्ती गर्दैमा सबै नेतालाई मुछ्न नमिल्ने बताउनुभयो । नेता विष्टले भन्नुभयो, "पार्टी अनुशासन विपरीत कोही आपराधिक क्रियाकलापमा लाग्छ भने त्यस्ता नेतालाई पार्टीले संरक्षण नगरी तुरुन्त निलम्बन गर्छ ।" नक्कली भूटानी शरणार्थी प्रकरणका सन्दर्भमा निश्पक्ष छानबिन गरी दोषीमाथी कारबाही गर्न उहाँले सरकारलाई सुझाव दिनुभयो।

नेकपा एमालेको हालै सम्पन केन्द्रीय कमिटी र जिल्ला अध्यक्षको बैठकले नागरिकप्रति जिम्मेवार हुँदै नागरिकका मुद्दा सूक्ष्म रूपमा उठाएर हरेक क्षेत्रमा हुने भ्रष्टाचारको भण्डाफोर गर्ने नीति तय गरेको नेता विष्टको भनाइ थियो।

पार्टीभित्र उन्नत प्रकारको लोकतान्त्रिक अभ्यास गर्दै राजनीतिलाई मर्यादित र सम्मानित बनाउने पक्षमा एमाले रहेको उहाँले बताउनुभयो। नेपाली जनताको जीवनस्तर उकास्ने पार्टीको मुख्य उद्देश्य रहेको बताउँदै उहाँले युवावर्गलाई राजनीतिप्रति आकर्षण गर्ने लक्ष्य पार्टीको रहेको जनाउनुभयो।

नेपाली युवालाई नेपालमा नै अडिन सक्ने वातावरण सृजना गर्न एमालले युवा लक्षित विभिन्न कार्यक्रम ल्याउने नेता विष्टले बताउनुभयो । आर्थिक अवस्था कमजोर भएका नागरिकको समृद्धिका लागि एमाले सधैँ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले युवाको हितका लागि नयाँ ढङ्गबाट काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।रासस

# बलियो कम्युनिष्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा आवश्यक : अध्यक्ष नेपाल

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा बलियो कम्युनिष्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा गठन गर्न लागिएको बताउनुभएको छ।

पार्टी निकट गोरखा काठमाडौं-सम्पर्क मञ्चको प्रथम जिल्ला अधिवेशनको शुभारम्भ गर्दै अध्यक्ष नेपालले मुलुकमा राजनीतिक स्थिरता कायम गरी जनताको लामो सङ्घर्षबाट प्राप्त भएको अहिलेको संविधान तथा राजनीतिक व्यवस्थालाई संरक्षण गर्न मोर्चाको आवश्यकता रहेको बताउनुभयो।

विसं २०४६ को आन्दोलनमा पनि वामपन्थीको मोर्चा बनाएर राजनीतिक परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गरेको बताउँदै उहाँले देशमा राजनीतिक स्थायित्व र स्थिरता प्रदान गर्न तेस्रो शक्तिका रूपमा मोर्चालाई स्थापित गराइने बताउनुभयो।

अध्यक्ष नेपालले शोषण, दमन, उत्पीडन, भेदभावविरुद्धका मुद्दामा समाजलाई सही दिशानिर्देश गर्न, कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय बनाउन निर्माण गरिएको मोर्चा छिट्टै घोषणा हुने जानकारी दिँदै कुनै पनि पार्टीलाई मोर्चामा विलय गराउने उद्देश्य नभएको प्रष्ट पार्नुभयो।

अहिले मौलाइरहेको भ्रष्टाचारको अन्त्य गर्न राजनीतिमा शुद्धीकरणको खाँचो औँल्याउँदै उहाँले त्यसका लागि स्वच्छ छवि भएका निष्कलङ्क व्यक्ति राजनीतिप्रति आकर्षित हुनुपर्नेमा जोड दिनुभयो।

पूर्वप्रधानमन्त्रीसमेतरहनुभएका अध्यक्ष नेपालले तत्कालीन एमालेका नवौँ महाधिवेशनमा सुखी नेपाली र समृद्ध नेपाल भन्ने नारा आफूले अगाडि सारेको बताउनुभयो।रासस

# राजनीतिक दलहरूले भ्रष्टाचारमा तानिएका नेताहरूको प्रतिरक्षा गर्नु हुँदैन : विश्वप्रकाश शर्मा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भ्रष्टाचारको आरोपमा तानिएका नेताहरूको प्रतिरक्षा राजनीतिक दलहरूले गर्न नहुने बताएका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा फसेका कांग्रेस नेता बालकृष्ण खाँणलाई पार्टीबाट निलम्बन गर्नुपर्ने दबाब बढिरहेका बेला उनले त्यस्ता गतिविधिमा संलग्न कुनै पनि नेतालाई पार्टीले प्रतिरक्षा गर्न नहुने आफ्नो अडान राखेका हुन्।

शनिवार काठमाण्डुमा आयोजित 'शासन र शासक' नामक पुस्तक विमोचन कार्यक्रममा बोल्दै उनले कांग्रेस, एमाले र माओवादी केन्द्रजस्ता राजनीतिक पार्टीले आफ्नो पार्टीको अमुक नेताहरूलाई निर्दोष साबित गर्ने प्रयास गर्न नहुने बताए । नेताहरूलाई दोषी करार गर्ने संविधान, कानुन र राज्यका निकाय भएकाले राजनीतिक दलहरूले त्यसले लिएको निष्कर्षलाई मानेर अघि बढ्नुपर्ने उनको भनाई थियो । 'मेरो पार्टीको अमुक नेताचाहिँ निर्दोष हुनुहुन्छ, फसाउन पाइँदैन खोजिँदै छ भनेर हामी कसैले भन्न पाउँदैनौँ । यो देशमा कानुन छ । यो देशमा संविधान छ। यो देशमा अख्तियार छ। यो देशमा अदालत छ। तिनले भन्ने हो कि तिम्रो दलको नेता निर्दोष छ' उनले भने, 'तिम्रो दलका नेता दोषी देखिनुभयो। नख्खु जेलमा भेट्न जाऊ भन्ने कुरा कसले गर्छ ? भन्दा अदालतले गर्छ । त्यो कर्ममा कांग्रेस, एमाले, माओवादी जस्ता दलले कसैले प्रतिरक्षा नगर्ने। कोही पनि निर्दोष नफसुन्। र, कोही पनि दोषी नउम्किउन् भन्ने मनोविज्ञान बनाउने कुरा पनि सुशासनको एउटा कदम हुन्छ।'

महामन्त्री शर्माले राजनीतिक दलहरूले भ्रष्टाचारको आरोपमा परेका नेताहरूलाई प्रतिरक्षा नगरी स्वतन्त्र ढङ्गले सम्बन्धित निकायलाई छानबिन गर्न दिने भनेको मुलुकको सुशासनका लागि महत्त्वपूर्ण कदम हुने पनि स्मरण गराए।

मुलुकको शासन र शासकीय संरचना सुधारका लागि राष्ट्रपति दोहोऱ्याएर नहुने, प्रधानमन्त्री दुई पटकभन्दा बढी बन्न नहुने व्यवस्था गर्नुपर्ने प्रस्ताव समेत महामन्त्री शर्माले राखे । त्यसो गरियो भने त्यसले शासन व्यवस्थामा सुधारका प्रक्रियालाई अघि बढाउने र सक्षमहरूले मुलुकको जिम्मेवारी सम्हाल्दै अघि बढ्ने अवस्था आउने उनको भनाई थियो।

'एक पटक राष्ट्रपति भएपछि अब दोहोऱ्याएर नहुने सिस्टममा जाऔँ । दुई पटक प्रधानमन्त्री भएपछि तीन पटक नपाउने बनाऔँ । ३ पटक भएपछि चार पटक नपाउने बनाऔँ । ४ पटक सांसद भएपछि बिदा लिने सिस्टम बनाऔँ' शर्माले भने, 'जतिसुकै योग्य व्यक्ति भए पनि यो भन्दा बढी जिम्मेवारी नलिऔँ । व्यक्ति जतिसुकै योग्य होस् । यसो गरेर मात्रै शासक र शासन व्यवस्थालाई सुधार गर्न जरुरी छ।' उनले तीन पटकभन्दा बढी मन्त्री हुन नपाउने, चार पटकभन्दा बढी सांसद बन्न नपाउने व्यवस्था पनि मुलुकको शासन सुधारका लागि अति आवश्यक रहेको दाबी गरे।

# अमेरिकापछि इजिप्ट जाने मोदी, भारतका लागि किन महत्त्वपूर्ण छ अल-सिसीको देश ?

**बीबीसी**

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ६ दिने औपचारिक विदेश भ्रमणका लागि मङ्गलबार प्रस्थान गर्दैछन् ।

जुन २० देखि जुन २५ सम्मको यो भ्रमणमा उनी तीन दिन अमेरिका बस्नेछन् भने त्यहाँबाट फर्केर दुई दिन इजिप्टमा बस्नेछन् ।

भारतीय विदेश मन्त्रालयका अनुसार प्रधानमन्त्री मोदी अमेरिकी राष्ट्रपति जो बाइडेन र उनकी पत्नी जिल बाइडेनको निमन्त्रणामा अमेरिका जान लागेका हुन् । त्यसपछि उनी इजिप्टका राष्ट्रपति अब्दुल फतेह अल-सिसीको निमन्त्रणामा कायरो जान लागेका हुन् ।

अमेरिकामा मोदीले राष्ट्रपति जो बाइडेन र उपराष्ट्रपति कमला ह्यारिसलाई भेट्ने छन् र अमेरिकी कांग्रेसको संयुक्त सत्रलाई सम्बोधन गर्नेछन्। पहिलो पटक इजिप्ट भ्रमणमा रहेका मोदीले राष्ट्रपति अब्दुल फतेह अल-सिसीसँग पनि भेट गर्नेछन् ।



इन्डियन एक्सप्रेसले लेखेको छ कि हालै जम्मूको श्रीनगरमा जी२० कार्य समूहको बैठक भएको थियो, जसमा चीन, टर्की र साउदी अरबका साथै इजिप्टले भाग लिएनन्। त्यसको केही समयपछि अल-सिसीको भारत भ्रमणको केही महिनापछि मोदीको इजिप्ट भ्रमणको चर्चा सुरु भएको छ ।

अल-सिसीले यस वर्ष भारतको गणतन्त्र दिवसको परेडमा प्रमुख अतिथिको रूपमा भाग लिएका थिए । उनको यो तेस्रो भारत भ्रमण हो । यसअघि उनी सन् २०१५ अक्टोबरमा भारत-अफ्रिका शिखर सम्मेलन र २०१६ मा द्विपक्षीय भ्रमणका लागि भारत आएका थिए ।

सो क्रममा दुई नेताबीच साझा हितका विषयमा छलफल भएको थियो । त्यसबेला दुई देशबीचको मित्रतालाई 'रणनीतिक रूपमा महत्वपूर्ण सम्बन्ध'को रूपमा आकार दिने कुरा भएको थियो । मोदीको भ्रमणका क्रममा यसबारे औपचारिक घोषणा हुन सक्ने अनुमान गरिएको छ ।

**इजिप्ट र भारत बीचको व्यापार कति ठूलो समस्या हो?**

सन् २०२३ मा गणतन्त्र दिवसको अवसरमा इजिप्टका राष्ट्रपति अल-सिसी भारत आएपछि दुई देशबीच मित्रतालाई अझ प्रगाढ बनाउन महत्वपूर्ण सम्झौता भएको थियो र धेरै कुरामा आपसी सहमति भएको थियो। आगामी पाँच वर्षमा दुई देशबीचको व्यापार हालको ७ अर्ब डलरबाट बढाएर १२ अर्ब डलर पुऱ्याउने निर्णय भएको छ ।

यसै वर्ष जनवरीमा दुवै देशका सेनाले पहिलो पटक संयुक्त सैन्य अभ्यास पनि गरेका थिए । इजिप्टले भारतबाट तेजस लडाकु विमान, राडार, सैन्य हेलिकप्टर र आकाश मिसाइल प्रणाली किन्न चासो देखाएको थियो।

दशकौंदेखि अरुबाट हतियार किन्दै आएको भारतले अहिले रक्षा क्षेत्रसँग सम्बन्धित उपकरण र हतियार निर्माण गरिरहेको छ । उनले ४२ देशलाई हतियार बेचिरहेका छन् र इजिप्टलाई यस मामिलामा खरिदकर्ताको रूपमा हेर्न चाहन्छन्। इजिप्ट पनि यहाँ आइआइटी जस्तै भारतीय उच्च शिक्षा संस्थान खोल्न चाहन्छ।

नेपालको त्रिभुवन विश्वविद्यालयका अन्तरर्ाष्ट्रिय मामिलाविज्ञ प्रोफेसर पुष्पा अधिकारीले बीबीसी संवाददाता विनीत खरेलाई भने कि जहाँ इजिप्टलाई शिक्षा, सूचना प्रविधि, रक्षा आदि क्षेत्रमा भारतको आवश्यकता छ, त्यहाँ इजिप्ट भारतको लागि अफ्रिकामा लगानी गर्ने मार्ग बन्न सक्छ किनभने इजिप्ट निकै बलियो छ।

पश्चिम एशिया र अफ्रिकाको राजनीतिमा । उनी भन्छन्, "इजिप्टमा शिक्षाको अवस्था एकदमै नाजुक छ । उनीहरू भारतबाट सहयोग चाहन्छन् । इजिप्ट अझै पनि उत्तर अफ्रिका र पश्चिम एसियामा बलियो सैन्य शक्ति हो ।

त्यसपछि इजरायलमा जस्तो विकास भइरहेको छ, इजिप्ट बराबर छ। त्यसो गर्न असमर्थ छ। त्यसैले इजिप्टलाई सैन्य सहयोग पनि चाहिन्छ। इजिप्टले रक्षा क्षेत्रमा भारतबाट धेरै चाहन्छ।" तर दुई देशबीचको सम्बन्ध रक्षा सम्झौता, व्यापार र शिक्षाभन्दा पनि बाहिर छ।

समाचार एजेन्सी रोयटर्सले यस हप्ता रिपोर्ट गरेको थियो कि इजिप्टका आपूर्ति मन्त्री अली मोसेलीले भनेका छन् कि भारत र इजिप्टले डलर बाहेक अन्य मुद्रामा व्यापार गर्ने वार्तामा छन् ।

भारतले इजिप्टसँग मल र ग्यासको व्यापार गर्न पनि चासो राखेको र आगामी दिनमा भारतले त्यसका लागि अर्बौं डलरको क्रेडिट लाइन पनि खोल्न सक्ने बताइएको छ ।

इकोनोमिक टाइम्सको रिपोर्टका अनुसार इजिप्ट लामो समयदेखि विदेशी मुद्राको अभावसँग संघर्ष गरिरहेको छ र मोदीको भ्रमणका क्रममा यसको घोषणा हुनसक्छ । यो सम्झौता भएमा इजिप्टले भारतीय मुद्रा दिएर भारतबाट वस्तुहरू किन्न सक्छ र भारतले इजिप्टबाट आयात गर्ने वस्तुको मूल्य भुक्तानी गर्नेछ।

सन् २०२१ देखि चीनबाट आयातमा प्रतिबन्ध लगाएपछि भारतमा मलको मूल्य बढेको र केही राज्यमा अभाव भएको प्रतिवेदनमा उल्लेख छ । भारतले इजिप्टबाट पहिलेभन्दा धेरै मल र ग्यास किन्न चाहन्छ। अर्कोतर्फ इजिप्टले भारतबाट गहुँ किन्न चाहेको भए पनि भारतले गहुँ निकासीमा प्रतिबन्ध लगाएकाले निर्यात गर्न नसक्ने धेरैको विश्वास छ ।

तर, प्रतिबन्धका बाबजुद भारतले सन् २०२२ को मे महिनामा इजिप्टमा ६१,५०० टन गहुँ पठाएको थियो।

भारतीय विदेश मन्त्रालयका अनुसार हाल इजिप्टमा करिब ५० भारतीय कम्पनीले ३ अर्ब १५ करोड डलरसम्म लगानी गरेका छन् । यो लगानी रसायन, ऊर्जा, कपडा उद्योगका साथै कृषि व्यवसायमा छ ।

**ब्रिक्स देशहरू र इजिप्ट**

इजिप्टले हालै ब्रिक्स समूह (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) को सदस्य बन्न आवेदन दिएको छ। इजिप्टका लागि रुसी राजदूतले भनेका थिए, "ब्रिक्स देशहरूले डलरको सट्टा आफ्नो मुद्रामा धेरै भन्दा धेरै पारस्परिक व्यापार गर्ने प्रयास गरिरहेका छन् वा यसका लागि संयुक्त मुद्रा सिर्जना गर्नुपर्छ। इजिप्टले यसमा ठूलो चासो देखाएको छ।"

इजिप्टले पछिल्लो समय अर्जेन्टिना, साउदी अरेबिया, इन्डोनेसिया, इरान, कजाकिस्तानलगायत ब्रिक्सका मित्र राष्ट्रहरूसँग पनि वार्ता सुरु गरेको छ ।

एउटा महत्त्वपूर्ण कुरा यो हो कि भारत ग्लोबल साउथको आवाज बन्न चाहन्छ, जसमा एसियाका देशहरू बाहेक अफ्रिका, दक्षिण अमेरिका र इजिप्ट पनि महत्त्वपूर्ण भाग हुन्। अन्तर्राष्ट्रिय मामिलाका विशेषज्ञ प्रोफेसर डा. मञ्जरी सिंहले यसै वर्ष फेब्रुअरीमा वेबसाइट न्यु अरबलाई इजिप्ट अफ्रिका, पश्चिम एसिया, भूमध्यसागर र युरोपबीच जोड्ने लिंक जस्तै भएको र इन्डो प्यासिफिकको हिसाबले भारतका लागि पनि महत्वपूर्ण रहेको बताएका थिए।

साथै, एसिया र युरोपबीचको व्यापारका लागि महत्त्वपूर्ण मानिने स्वेज नहरमा इजिप्टको नियन्त्रण छ र यस सन्दर्भमा, इजिप्ट आगामी दिनमा भारतको व्यापार बढाउन महत्वपूर्ण सहयोगी साबित हुन सक्छ।

आफ्नो भारत भ्रमणको क्रममा, अल-सिसीले इजिप्टमा भारतीय लगानी प्रवर्द्धन गर्न स्वेज नहर आर्थिक क्षेत्रमा भारतीय कम्पनीहरूलाई छुट्टै स्थान दिने सम्भावनाको बारेमा कुरा गरे।

भिओन न्यूजले एक रिपोर्टमा इजिप्टको स्थिति रणनीतिक रूपमा महत्वपूर्ण रहेको र यससँगको स्वतन्त्र व्यापार सम्झौताले भारतका लागि पश्चिम एसिया र अफ्रिकाको ढोका खोल्ने बताएको छ ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने इजिप्टलाई इस्लामिक संसारमा तटस्थ र प्रभावशाली आवाजको रूपमा हेरिन्छ र कहिलेकाहीं इस्लामिक सहयोग संगठनमा पाकिस्तानको नीतिहरूलाई समर्थन गरेको छैन। यस्तो अवस्थामा दुई देशबीचको बलियो सम्बन्धबाट भारतलाई पनि फाइदा हुनेछ ।

सन् २०२२ मा बीजेपीकी प्रवक्ता नुपुर शर्माले मोहम्मद पैगम्बरबारे गरेको टिप्पणीपछि भारतले इस्लामिक देशहरूको असन्तुष्टिको सामना गर्नुपरेको थियो ।

तर इजिप्टले यस अवधिमा कुनै टिप्पणी गरेको छैन। यस विषयमा पाकिस्तानले ओआईसीमा प्रस्ताव पनि ल्यायो तर अल-सिसीले समर्थन गरेनन् जसका कारण यो प्रस्ताव पारित हुन सकेन ।

# रुसले आणविक हतियार बेलारुस पठायो

**एएनआई**

मस्को । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोले आणविक हतियारहरूको पहिलो समूह बेलारुस पठाउँनु भएको द हिलले उल्लेख गरेको छ।

सेन्ट पिटर्सबर्ग इन्टरनेशनल इकोनोमिक फोरमलाई सम्बोधन गर्दै पुटिनले बाँकी आणविक हतियार गर्मीको अन्त्यसम्ममा उपलब्ध गराउने बताउँनु भएको छ। युक्रेनसँग सीमा जोडिएको देशमा रणनीतिक आणविक बम तैनाथ गर्ने योजनाको एक भागको रूपमा रुसले यो योजना अगाडि बढाएको बताइएको छ।

बेलारूसी राष्ट्रपति अलेक्ज्याण्डर लुकाशेन्कोले "रूसबाट बम र मिसाइलहरू" को पहिलो भाग प्राप्त गरेको बताउनु भएको छ ।

लुकाशेन्कोले रुसी र बेलारूसी राज्य मिडियालाई भन्नु भएको छ- "हामीसँग क्षेप्यास्त्र र बमहरू छन् जुन हामीले रूसबाट प्राप्त गरेका छौं ।

"बमहरू ,हिरोसिमा र नागासाकीमा खसालिएको भन्दा तीन गुणा बढी शक्तिशाली छन्," फक्स न्यूजले उल्लेख गरेको छ।

बेलारूसी राष्ट्रपति अलेक्ज्याण्डर लुकाशेन्कोले रूसले बेलारुसलाई आणविक हतियारहरू वितरण गरेको बताउँनु भएको छ ।

हतियारको आगमन युक्रेनी सेनाले रुस विरुद्ध ठूलो मात्रामा काउन्टर-अ'फेरेसन शुरु गरेको एक हप्ता पछि आएको हो।

यसैबीच फिनल्याण्ड यस वर्षको अप्रिल ४ मा ब्रसेल्समा रहेको नेटो मुख्यालयमा संयुक्त राज्य अमेरिकासँगको उत्तरी एट्लान्टिक सन्धिमा प्रवेश गर्ने आफ्नो उपकरण जम्मा गरेर नेटोको नयाँ सदस्य बनेको छ।

# अरब विश्वमा चीनको बढ्दो वर्चस्व



**बीबीसी**

नयाँ दिल्ली । यस वर्षको अप्रिल ६ मा साउदी अरेबिया र इरानका विदेशमन्त्रीबीच सात वर्षपछि पहिलो पटक भेट भएको थियो ।

त्यसको एक महिनाअघि दुई देशका राष्ट्रिय सुरक्षा सल्लाहकारले वर्षौंको दुश्मनीपछि कूटनीतिक सम्बन्ध पुनःस्थापना गरेर विश्वलाई चकित पारेका थिए । यो सफलताको नेतृत्व गर्ने बैठकहरू चीनले आयोजना गरेको र मध्यस्थता गरेको थियो। यससँगै मध्यपूर्वका देशहरूमा चीनको बढ्दो प्रवृत्तिको चर्चा सुरु भएको थियो र अहिले पनि चलिरहेको छ ।

**चीनमा प्यालेस्टिनी नेता**

अब चीनले इजरायल र प्यालेस्टाइनबीचको विवाद सुल्झाउन आफ्नो भूमिका खोजिरहेको छ। बिहीबार चिनियाँ प्रधानमन्त्री ली खछ्याङले प्यालेस्टिनी प्राधिकरणका प्रमुख मोहम्मद अब्बाससँग भेटवार्ता गर्नुभयो।लीले अब्बासलाई "चीनका पुरानो मित्र" भनेर वर्णन गरे जसले "चीन-प्यालेस्टाइन सम्बन्धको विकासमा ठूलो योगदान पुऱ्याएका छन्।"

यसअघि बुधबार बेइजिङमा चिनियाँ राष्ट्रपति सी जिनपिङले महमूद अब्बाससँग भेटवार्ता गरेका थिए। दुवै नेताले आफूहरुबीच रणनीतिक साझेदारीमा सहमति भएको पनि बताए । चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार अब्बाससँगको भेटको उद्घाटनमा सीले प्यालेस्टाइनलाई आफ्नो वैध राष्ट्रिय अधिकारको पुनर्स्थापनाको न्यायोचित कारणलाई चीनले समर्थन गरेको र चीनले प्यालेस्टाइनलाई आन्तरिक मेलमिलाप हासिल गर्न मद्दत गर्ने र यसमा सक्रिय भूमिका खेल्न तयार रहेको बताए। शान्ति प्रवर्द्धन गर्न मद्दत गर्दछ।"

यसअघि अब्बासलाई चीनमा पूर्ण सैनिक सम्मानका साथ स्वागत गरिएको थियो । दुबै पक्षले "रणनीतिक सम्झौता" को कुरा गरे।

# मेक्सिकोमा गर्मीका कारण आठ जनाको मृत्यु

**एएफपी**

मेक्सिको सिटी । मेक्सिकोमा अप्रिलको मध्यदेखि बढेको गर्मीका कारण आठ जनाको मृत्यु भएको छ । स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएअनुसार राजधानी मेक्सिको सिटीमा यो हप्ता तापक्रम ३५ डिग्री सेल्सियस (९५ फरेनहाइट) पुगेको छ।

गत अप्रिल १४ देखि जुन १२ को बीचमा सात जनाको हेटस्ट्रोक र एक जनाको डिहाइड्रेसनका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ । मोन्टेरीको उत्तरपूर्वी शहरमा, तापमान ४० डिग्री नाघेको छ जसले गर्दा घरहरूमा पानी आपूर्ति कम भएको र वातानुकूलनका लागि बिजुलीको बढ्दो माग बढ्दो छ ।

मोन्टेरीका बासिन्दा वेन्डी टिजेरिनाले शहर औद्योगिक क्षेत्रमा पर्ने भएकाले गर्मी बढी भएको बताइन्।

"यहाँ पानीको अभाव छ, तपाईले बच्चाहरूलाई नुहाउन सक्नुहुन्न । फ्यान पनि प्रयोग गर्न सक्नुहुन्न किनभने तिनीहरूले बिजुली काटिएको छ," उनले एएफपीलाई भनिन् । उनले आफ्नो परिवारले बाच्ब कै लागि धेरै पानी पिउने प्रयास गरेको बताइन् ।

न्युभो लियोन राज्यको सरकारले घामबाट बच्न बच्चाहरूलाई स्कूल जाने समय दिनको दुई घण्टामा सीमित गरेको छ।

गत वर्ष मेक्सिकोले देशका केही भागहरूमा गर्मीको लहर र वर्षाको अभावको रूपमा खडेरीको आपतकाल घोषणा गरेको थियो ।

# क्यानाडाको जनसंख्या चार करोड पुग्यो

**सिन्ह्वा**

ओटावा । क्यानाडाको जनसंख्या चार करोड पुगेको छ । सन् २०२३ जुन १६ गतेसम्मको तथ्याङ्क हेर्दा कुल जनसंख्या ४ करोड पुगेको देखिएको छ ।

क्यानाडाको जनसंख्या हाल तीव्र गतिमा बढिरहेको छ । सन् २०२२ मा क्यानाडालीहरूको संख्या १,०५०,११० ले बढेको हो । यो संख्या क्यानाडाको इतिहासमा पहिलो पटक यसरी तीव्र गतिमा बढेको हो । जनसंख्याको वार्षिक वृद्धि दर २.७ प्रतिशत पुगेको छ ।

सन् २०२२ मा रेकर्ड गरिएका लगभग सबै वृद्धिका लागि अन्तरराष्ट्रिय बसाइँसराइँ जिम्मेवार रहेको राष्ट्रिय तथ्याङ्क निकायले जनाएको छ । क्यानाडा जनसंख्या वृद्धिका सन्दर्भमा जी-७ देशहरूमा अग्रपङ्तिमा छ ।

यदि जनसङ्ख्याङ् वृद्धिको यो दर आगामी वर्षहरूमा स्थिर रह्यो भने, क्यानाडाको जनसंख्या लगभग २६ वर्षमा दोब्बर हुन सक्ने बताइएको छ ।

# बजरंग दलका कार्यकर्तामाथि लाठी प्रहार, २४ घण्टामा प्रहरी सरुवा

**बीबीसी**

इन्दोर । मध्य प्रदेशको इन्दोरमा प्रदर्शन गरिरहेका बजरंग दलका कार्यकर्तामाथि लाठीचार्ज गर्ने दुई प्रहरी अधिकारीलाई घटना भएको २४ घण्टाभित्रै फिल्ड पोस्टिङबाट हटाइएको छ । बजरंग दलका कार्यकर्ताहरूले बिहीबार राति इन्दौरको व्यस्त पलासिया चोकमा कथित अवैध लागूऔषध माफियाविरुद्ध प्रदर्शन गरिरहेका थिए ।



द हिन्दूमा प्रकाशित समाचारका अनुसार राज्यको सत्तारुढ भाजपा र विश्व हिन्दू परिषदले प्रहरी कारबाहीमा कडा आपत्ति जनाएका थिए, त्यसपछि डीसीपी धर्मेन्द्र सिंह भदौरियासहित अर्का प्रहरी अधिकृतलाई फिल्ड पोस्टिङबाट हटाइयो। अखबारले लेखेको छ कि भाजपासँगै विपक्षी कांग्रेसले पनि पुलिसले गरेको लाठीचार्जमा प्रश्न उठाएको थियो। यस विषयमा प्रदेश सरकारले छानबिन पनि सुरु गरेको छ ।

अखबारले इन्दौरका पुलिस आयुक्त मार्कण्ड देवस्करलाई उद्धृत गर्दै भन्यो कि डीसीपी धर्मेन्द सिंह भदौरियालाई आफ्नो वर्तमान सेवाबाट मुक्त गरिएको छ र अब रुस्तोमजी सशस्त्र प्रहरी प्रशिक्षण कलेजमा कमाण्डेन्टको रूपमा नियुक्त गरिएको छ। यता पलासिया प्रहरी चौकीका इन्चार्ज प्रहरी हवल्दार सञ्जयसिंह बैन्स अहिले प्रहरी लाइनमा नियुक्त भएका छन् ।

**कुरा के थियो ?**

बिहीबार राति इन्दौरको पलासिया चोकमा केही मानिसहरूले प्रदर्शन गरिरहेका थिए, जसका कारण यो व्यस्त सडकमा ट्राफिक जाम भएको थियो। मानिसहरूलाई यहाँबाट हटाउन प्रहरीले लाठीचार्ज गरेको थियो। धर्मेन्द्रसिंह भदौरियाले अनुमति नलिई विरोध प्रदर्शन गर्न यहाँ जम्मा भएकाले सर्वसाधारणलाई समस्या भएको बताए । पटकपटक आग्रह गर्दा पनि नहटेपछि प्रहरीले 'सानो बल' प्रयोग गर्नुपरेको थियो ।

यो घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ । घटना बढेपछि राज्यका गृहमन्त्री नरोत्तम मिश्रले छानबिनको आदेश दिएका छन् । बीजेपी प्रदेश अध्यक्ष वीडी शर्माले घटनाको आलोचना गर्दै भने, "यदि हाम्रा बजरंग दलका कार्यकर्ताहरूले आफ्ना मागहरू उठाइरहेका छन् र आवाज उठाइरहेका छन् भने, उनीहरूलाई निर्मम कुटपिट गर्नु हुँदैनथ्यो। यसका लागि जिम्मेवार अधिकारीहरूलाई छोडिने छैन।" यसै क्रममा कर्नाटकमा बजरंग दललाई प्रतिबन्ध लगाउने कुरा गरेका कांग्रेस प्रवक्ता पियुष बाबेलले राज्यका मुख्यमन्त्रीलाई निशाना बनाएर भने, ' बजरंग दलका कार्यकर्ताहरूले अवैध रक्सीको अड्डा (पब)को विरोध गरिरहेका थिए । सिंहले सम्झौता गर्दैनन्, तर अवैध मदिराको विरोध गर्नेलाई आधा मृत बनाइन्छ।"

**विद्यालयमा अजान पठाउने शिक्षकलाई निलम्बन गरिएको छ**

मुम्बईको एक विद्यालयमा जडान गरिएको लाउडस्पीकरका कारण बाहिरबाट अजानको आवाज गुन्जिएपछि त्यहाँ हंगामा मच्चियो । विवाद बढेपछि विद्यालयले एक शिक्षकलाई निलम्बन गरेको छ ।

टाइम्स अफ इन्डियामा प्रकाशित समाचारका अनुसार स्कुल नजिकै बिहानको पैदल यात्रामा गएका केही व्यक्तिहरूले अजानको ३० सेकेन्डको क्लिप रेकर्ड गरी अनलाइन पोस्ट गरेका थिए ।

यसपछि कपोल विद्यानिधि इन्टरनेशनल नामको विद्यालय बाहिर केही अभिभावक भेला भए । केही समयमै भाजपा, महाराष्ट्र नव निर्माण सेना र शिवसेना एकनाथ शिन्दे गुटका कार्यकर्ताहरूले विरोध गर्न थाले। घटनाले उग्र रुप लिएपछि शान्ति सुरक्षा कायम गर्न प्रहरी सक्रिय हुनुपरेको थियो । अखबार लेख्छ कि विद्यालयका प्रधानाध्यापकले बालबालिकालाई सबै धर्मको बारेमा बताउनको लागि यो गरिएको बताउनुभयो, तर उनीहरूको प्रयासलाई गलत बुझिएको छ।

तर आन्दोलनमा उत्रिएका अभिभावकले यस विषयमा कुनै कारबाही नभएसम्म विद्यालयबाहिर आन्दोलन गर्ने बताएका छन् । यसपछि अजान वाचन गर्ने शिक्षकलाई निलम्बन गरिएको थियो र अभिभावकलाई शान्त पार्न वैदिक गीत पनि बजाइएको थियो ।

कांदिवली पुलिस स्टेशनले यस विषयमा एफआईआर दर्ता गरेको छैन तर अनुसन्धान गर्ने आश्वासन दिएको छ। प्रहरी उपायुक्त अजय बंसलले भने, "शुक्रबार बिहानको नमाजको समयमा विद्यालयमा अजान पढेको भन्दै केही अभिभावकले हामीलाई गुनासो गरेका छन्। हामी सबै कोणबाट यस विषयमा अनुसन्धान गरिरहेका छौं र कानुनी कारबाही गरिने छ।"

**बृजभूषण सिंह प्रकरणः प्रहरीले आरोपपत्रमा तस्विर र भिडियो दियो**

यौन उत्पीडनको आरोपमा घेरिएका भारतीय कुस्ती महासंघका पूर्व अध्यक्ष तथा भाजपा सांसद बृजभूषण शरण सिंहविरुद्ध अदालतमा दायर गरिएको आरोपपत्रमा प्रहरीले महिला पहलवानका ६ उजुरीमध्ये चार र कम्तीमा तीनवटा घटनामा प्रमाणका रूपमा तस्बिर प्रयोग गरेको छ । भिडियो प्रमाणका रूपमा प्रस्तुत गरिएको छ।

द इन्डियन एक्सप्रेसमा प्रकाशित समाचारका अनुसार दिल्ली प्रहरीले बिहीबार यौन उत्पीडन, हिंसा र पीडाको आरोपको सामना गरिरहेका बृजभूषण सिंहविरुद्ध १,५०० पृष्ठको आरोपपत्र दायर गरेको छ।

पुलिसले पोक्सो कानून अन्तर्गत ब्रिजभूषण सिंह विरुद्ध आरोपको मामलामा रद्द रिपोर्ट दायर गरेको छ। उनीमाथि आरोप लगाउने नाबालिग पहलवानले आफ्नो आरोप फिर्ता लिएकी थिइन्, त्यसपछि प्रहरीले अदालतमा खारेज प्रतिवेदन बुझायो ।

आरोपपत्रमा ६ महिला पहलवानको बयानका साथै ७० देखि ८० प्रत्यक्षदर्शीको बयान र प्रमाणका रूपमा फोटो, भिडियो र कल रेकर्ड समावेश गरिएको छ । स्रोतलाई उद्धृत गर्दै पत्रिकाले लेखेको छ कि प्रहरीले उजुरीसँग सम्बन्धित फोटो र भिडियो प्रमाणका रूपमा दिएको छ ।

प्रतिवेदनमा प्रमाणका रूपमा विभिन्न प्रतियोगिता र खेलका उजुरीकर्ता र अभियुक्त दुवैको तस्बिर संलग्न गरेको एक वरिष्ठ अधिकारीले बताए ।

उनले भने, 'छ महिला पहलवानले आफ्नो उजुरीमा एक नभई कैयौं घटना उल्लेख गरेकाले आरोपपत्रमा हामीले प्रत्येक उजुरी छुट्टाछुट्टै पेस गरेका छौं । हामीले प्रत्यक्षदर्शीको बयान, तस्बिर र भिडियो थपेका छौं । ६ मध्ये चार घटनामा हामीले तस्बिरहरू दिएका छौं।" "कुस्ती खेलाडीहरूले केही तस्विर र भिडियो दिएका छन् र कुस्ती महासंघको कार्यालय, प्रतियोगिता र शिविरसँग सम्बन्धित उजुरीहरूको छानबिनमा हामीले केही भिडियोहरू पनि प्राप्त गरेका छौं जसलाई हामीले प्रमाणका रूपमा प्रस्तुत गरेका छौं। अब के गर्ने त्यो अदालतमा निर्भर छ। यी घटनाहरूमा गर्नुहोस्। अपराधले निर्णय गर्छ र सजाय के हो।

**मणिपुरमा स्थिति सुध्रिएन, अत्यावश्यक वस्तुको आपूर्ति प्रभावित**

जनसत्ता अखबारमा प्रकाशित समाचार अनुसार विगत केही दिनदेखि जातीय हिंसासँग लडिरहेको देशको उत्तरपूर्वी राज्य मणिपुरमा शुक्रबार भीड र र्‍यापिड एक्सन फोर्सका जवानबीच झडप भएको छ ।

भीडले सडकमा आगो लगाएर अवरोध सिर्जना गर्नुका साथै सरकार र जनताको सम्पत्तिमा समेत क्षति पुर्याएको छ । अखबारले लेखेको छ कि भीडले केन्द्रीय मन्त्री आरके रञ्जनको घरमा आक्रमण गरी आगजनी गर्ने प्रयास गरेको थियो। यसै क्रममा राजदरबार नजिकै आदिवासी समुदायका सेवानिवृत्त आईएएस अधिकारीको गोदाममा आगजनी भएको छ ।

अर्कोतर्फ, मणिपुरको खामेनलोग क्षेत्रमा नौ जनाको हत्याको मामिलामा मुख्यमन्त्री एन बिरेन सिंहले दोषीको खोजी जारी रहेको, अपराधीलाई छाडिने छैन भनेका छन् ।

अर्को समाचारमा मणिपुरमा एउटा राष्ट्रिय राजमार्ग र छवटा सडक अवरुद्ध हुँदा अत्यावश्यक वस्तुको अभाव भएको अखबारले लेखेको छ ।

सडक अवरुद्ध भएपछि राज्यका धेरै ठाउँमा बालबालिकाको खाना र औषधिको अभाव भएको छ भने सुरक्षाकर्मीको आवतजावतमा समेत असर परेको छ ।

अखबारले लेख्छ कि आदिवासीहरूले राज्यलाई देशका अन्य भागहरूसँग जोड्ने राष्ट्रिय राजमार्ग र महिला समूहहरूको नेतृत्वमा कम्तीमा छवटा सडकहरू अवरुद्ध पारेका छन्।



तराई क्षेत्रमा पानी नपर्दा धानको विउ सुक्न थालेका छन् भने पहाडी क्षेत्रमा धान रोप्नकालागि विउ तयार पार्दै किसान। *तस्विर : रासस*

# बर्सेनि किसानलाई मलकै चिन्ता




काठमाण्डु । खेतीपातीको समय नजिकिँदै गर्दा रासायनिक मलको अभावको कारण यहाँका किसानले बर्सेनि सास्ती खेप्नुपरेको छ।

धानको बीउका लागि ब्याड राख्नुपर्ने र मकैमा मल राख्नुपर्ने बेलमा आवश्यक मल नपाउँदा ललितपुर महानगरका किसान चिन्तामा छन् । रासायनिक मल खरिद गरी स्थानीय तहमा वितरण गर्नुपर्ने जिम्मा कृषि सामग्री कम्पनीलाई छ । साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीले पर्याप्त मल वितरण गर्न नसक्दा किसानलाई बर्सेनि खेतीपातीको समयमा मलको चिन्ता हुने गर्छ।

ललितपुर महानगरपालिकाको कृषि शाखा प्रमुख सावित्रादेवी पण्डितका अनुसार चालु आर्थिक वर्षमा कृषि सामग्री कम्पनीबाट महानगरले एक हजार तीन सय ६० बोरा युरिया मल र छ सय बोरा डिएपी मल प्राप्त गरेको छ। त्यसैगरी साल्ड ट्रेडिङमार्फत महानगरले एक हजार पाँच सय ४० बोरा युरिया मल र तीन सय बोरा डिएपी मल प्राप्त गरेको छ।

ललितपुर महानगरपालिकाको उपप्रमुखको संयोजकत्वमा कृषि सहकारी संस्थालाई वितरण गरिने मल खेतीपातीको समयमा किसानले पर्याप्तरुपमा नपाउँदा किसानको गुनासो धेरै सुन्नुपरेको कृषि शाखाकी प्रमुख सावित्रादेवी पण्डितले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "ललितपुर महानगरपालिकाको वडा नं १८ देखि २९ वडामा खेतीयोग्य जमिन छ र कसानले खेती गरिरहेका छन्। चालु आर्थिक वर्षमा हामीलाई उपलब्ध भएको रसायनिक मल सबै किसानलाई प्राप्तरुपमा वितरण गर्दा एक छेउमा पनि पुग्दैन।" "अन्य जिल्लामा जस्तै काठमाडौं उपत्यकामा गाई, भैंसी पालन कम गरिएको हुँदा किसानले प्रयाप्त प्राङ्गारिक मल उत्पादन गर्न सकेका छैनन् र हामीले पनि किसानलाई रसायनिक मल प्रयाप्त रुपमा उपलब्ध गराउन सकिरहेका छैनौं। अन्य समस्याभन्दा मलको समस्या लिएर किसान कार्यालयमा आउनुहुन्छ। माथिबाटै अनुदानमा मल कम आएपछि हामीसँग अर्को उपाय छैन। हामीलाई पनि चिन्ता छ।" उहाँले भन्नुभयो, "खेतीपातीको समयमा मल नपाएको कारण यो वर्षको उत्पादन घट्ने भयो भनेर किसानले दुःखेसो पोख्छन्।" रासस

# अत्यधिक गर्मीले धानको बीउ सुक्यो, किसान चिन्तित

काठमाण्डु । दैनिक बढिरहेको गर्मीले धानको बीउ सुक्न थालेपछि यहाँका किसान चिन्तित भएका छन् । आकाशे पानीको भर परेका किसान अत्यधिक गर्मीका कारण धानको बीउ सुक्दै गएपछि मर्कामा परेका हुन्। असार लागिसक्दा पनि पानी नपरेपछि यस वर्ष धान उत्पादनमा कमी आउने किसानले आङ्कल गरेका छन्।

बाँके सीतापुरका सर्वजित विष्टले घरमा भएको विद्युतीय मोटर कम भोल्टेजका कारण नचल्दा यस वर्ष खेतीका लागि सिँचाइ गर्न गाह्रो भएको बताउनुभयो । "मेरो घरमा मोटर भए पनि कम भोल्टेजका कारण मोटरले पानी नै तान्दैन", उहाँले भन्नुभयो, "बल्लबल्ल 'स्टेप्लाइजर'को सहायतामा पानी तानेर बीउ राखेकामा अहिले सिँचाइ नगर्दा बीउ सुक्दै गएको छ।" असारको पहिलो सातादेखि रोपाइँ गर्ने उद्देश्यले विष्टले जेठको दोस्रो साता धानको बीउ राख्नुभएको थियो।

असार लागिसक्दा पनि पानी नपरेपछि धानको बीउ सुकेर खजुराका लालबहादुर खत्री चिन्तित हुनुहुन्छ । उहाँले छिमेकीको मोटरबाट पानी तानेर बीउ राख्नुभएको थियो। बीउलाई पटक पटक सिँचाइ गर्नुपर्ने भए पनि पानी नपर्दा बीउ राखेको जमिन चिराचिरा भएर चर्किन थालेको खत्रीले बताउनुभयो । "बीउ त छिमेकीको मोटरबाट पानी तानेर राखियो । असार लागिसक्दा पनि आकाशबाट पानी परेको छैन । बीउ सुक्न थालिसक्यो । बीउ रोखेको जमिन चिरा परेको छ", उहाँले भन्नुभयो।

बाँके बैजनाथका किसान मानबहादुर परियारले आकाशे पानीको पखाइमा धानको बीउ राख्न ढिला भएपछि हाते पम्प चलाएर बीउ राखेको बताउनुभयो। "घरमा मोटर/बोरिङ केही पनि छैन । पानी नपरेपछि हाते पम्प चलाएर बीउ राख्यौं", उहाँले भन्नुभयो, "तीनपटक हाते पम्प चलाएर बीउमा पानी चारेर जसोतसो पानी पुर्याइरहेका छौं । रोपाइँ कसरी गर्ने हो भन्ने चिन्ता लागेको छ।" आकाशे पानीको भरमा खेती गनुपर्ने भएकाले धान खेती प्रभावित हुन सक्ने उहाँले चिन्ता व्यक्त गर्नुभयो।

"गत वर्ष बाँकेको नरैनापुर क्षेत्रलाई सुक्खा क्षेत्र घोषण गरिएको थियो । यस वर्ष जिल्ला पूरै सुक्खा हुने चिन्ता यहाँका किसानलाई पर्न थालेको छ", कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख शकिल अहमदले भन्नुभयो । सिँचाइको उपलब्धता विना आकाशे पानीको भरमा खेती गर्ने किसानलाई पछिल्लोपटक बढ्दै गएको गर्मीले निराश बनाएको उहाँको भनाइ थियो । प्रमुख अहमदले सिक्टा सिँचाइ आयोजनाले बाँकेको महादेवपुरी, राप्तिसोनारी र बैजानाथमा पानी छोडे पनि त्यो किसानका लागि पर्याप्त नहुने बताउनुभयो । "मनसुन समयमा नहुँदा सिक्टाले केही भागमा पानी छोडे पनि सिँचाइका लागि त्यो पानी पर्याप्त छैन," उहाँले भन्नुभयो, "सिक्टाबाट छोडिएको पानी नहर आसपासका खेतलाई मात्र पुग्छ। पूरै जिल्ला सिञ्चित हुँदैन। नहर आसपासका किसानलाई भने केही राहत मिल्छ।"

जिल्लामा धान रोपाइँ हुने कूल ३६ हजार पाँच सय हेक्टर खेतीयोग्य जमिन छ । गत वर्ष सोही क्षेत्रफल खेतमा धान खेती गरिएको थियो । अहिले पनि सबै क्षेत्रफलमा धान खेती हुने अनुमान रहेको केन्द्रले जनाएको छ। असारको पहिलो सातासम्म मनसुन सक्रिय भएमा उत्पादनमा असर नहुने प्रमुख अहमदले बताउनुभयो । उहाँले रोपाइँ गरिसकेपछि साउन र भदौमा समेत निरन्तर वर्षा भएमा धान उत्पादन राम्रो हुने बताउनुभयो।

मनसुन अनुकूल नभएकाले किसानलाई कम समयमा उत्पादन हुने र सुक्खा सहन सक्ने जातको बीउ लगाउन सुझाव दिनुभयो। रासस



प्रदेश बजेट

# छुट्टै बैंक खोल्नेदेखि लगानी सम्मेलन गर्नेसम्मका योजना

काठमाण्डु । सबै प्रदेशले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट ल्याइसकेका छन्। कोशी प्रदेशले गत बिहीबार अध्यादेशमार्फत बजेट ल्याएको छ भने बाँकी छ प्रदेशले शुक्रबार प्रदेशसभामा विनियोजन विधेयक प्रस्तुत गरेका छन्।

चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारकै बजेटको आकार घट्दा प्रदेशमा पनि त्यसको प्रभाव देखिएको छ । लुम्बिनीबाहेक सबै प्रदेशले चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार घटाएका छन् । केन्द्र सरकारले आगामी आर्थिक वर्षको बजेटमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम राखेपछि पक्ष र विपक्षको बहस अझै चलिरहेको छ। सोही प्रकृतिको कार्यक्रमको सिको गर्दै प्रदेशले पनि सांसदको तजबिजी अधिकारमा खर्च गर्नसक्नेगरी विभिन्न कार्यक्रम ल्याएका छन्।

विनियोजन कुशलता, पुँजीगत खर्चमा वृद्धि, चालु खर्चमा कटौती, वित्तीय अनुशासनको कडाइका साथ पालना, नागरिकका आधारभूत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखेर दिगो विकास लक्ष्य प्राप्ति केन्द्रित योजना तथा कार्यक्रमलगायतका दावी प्रदेश बजेटमा छन् । पहुँचका आधारमा बजेट हालेको, क्रमागत आयोजनामा न्यून बजेट परेको, साना र स्थानीय तहबाट कार्यान्वयन हुनसक्ने आयोजनालाई पनि प्रदेशबाटै बजेट विनियोजन गरेको, पूर्वतयारी नसकिएका आयोजनालाई बढी बजेट दिएको, विवादास्पद कार्यक्रमलाई निरन्तरता दिएकोलगायत बजेट माथिका प्रश्न र आलोचना प्रदेशसभामा उठिरहेका छन्।

आगामी आर्थिक वर्षका लागि प्रदेशले ल्याएका बजेट हेर्दा केही महत्वाकाङ्क्षी कार्यक्रमसमेत राखिएका छन् । नागरिक सेवा प्रवाहमा न्यून भूमिका देखिए पनि सार्वजनिक खर्च बढाएका कारण आलोचित भइरहेको प्रदेश तहलाई संविधानले निर्दिष्ट गरेअनुरुपको अधिकार प्रयोगका लागि आवश्यक कानूनी र पूर्वाधार निर्माणका विषय पनि बजेटमा परेका छन्।

निर्वाचन क्षेत्र विशेष कार्यक्रम

सङ्घीय सरकारले दुई वर्षअघि खारेज गरेर चालु आर्थिक वर्षको बजेटमार्फत 'संसदीय पूर्वाधार क्षेत्र विकास कार्यक्रम' का नाममा ब्युँताएको निर्वाचन क्षेत्र विशेष कार्यक्रमको सिको प्रदेश सरकारले पनि गरेका छन्।

कोशी प्रदेशले प्रदेशसभाका सदस्यले स्थानीय तहबाट कार्यान्वयन गर्नेगरी 'कोशी प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रम' का लागि एकमुष्ट रू एक अर्ब ५० करोड विनियोजन गरेको छ।

त्यस्तै, मधेश प्रदेशले संसदीय विकास कोषका लागि रू दुई अर्ब ३५ करोड र कर्णाली प्रदेशले निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रमका लागि रू एक अर्ब १२ करोड विनियोजन गरेको छ।

बागमती प्रदेशले यस्तो कार्यक्रमका लागि कति बजेट छुट्याएको भन्ने वजेट वक्तव्यमा रकम खुलाएको छैन । "प्रदेश सभाका माननीयलाई आफ्नो निर्वाचन क्षेत्रका मतदाताको विकास सम्बन्धी समस्या र गुनासो सम्बोधन गर्ने सहज वातावरण सिर्जना गर्दै लगिनेछ", बागमती प्रदेशको बजेटमा भनिएको छ, "प्रदेश सभाका सदस्य र स्थानीय तहबीच सुमधुर सम्बन्ध कायम गरी अन्तरतह समन्वय प्रभावकारी बनाउन तथा विकास र शासनलाई थप जनमुखी बनाउन प्रदेश सभाका सदश्यको प्रत्यक्ष सहभागितामा विकास कार्यक्रम र आयोजना छनौट गरी कार्यान्वयन गर्न प्रदेश विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन उल्लेख छ।" त्यस्तै, प्रत्येक सांसदका लागि गण्डकी प्रदेशले रू दुई करोड, लुम्बिनी प्रदेशले रू दुई करोड २५ लाख र सुदूर पश्चिम प्रदेशले रू तीन करोड विनियोजन गरेको छ।

**लगानी सम्मेलन**

कोशी प्रदेशले लगानीका सम्भाव्यता पहिचान तथा लगानीलाई व्यवस्थित बनाउन कोशी प्रदेश लगानी प्राधिकरणको संस्थागत क्षमता विकास गर्ने तथा आगामी आर्थिक वर्षा प्रदेशमा लगानी सम्मेलन गर्ने बजेटमा उल्लेख गरेको छ।

"प्रदेशको उद्योग, व्यापार, कृषि, स्वास्थ्य, र सेवा व्यवसायको स्थापना विस्तार र आधुनिकीकरण गर्न थप लगानी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट प्राप्त गर्ने वातावरण तयार गर्नका लागि लगानी सम्मेलन आयोजना गरिनेछ।" मधेस प्रदेशको बजेटमा भनिएको छ।

बागमती प्रदेशले आगामी आर्थिक वर्षलाई प्रविधि र पूर्वाधारमार्फत कृषि क्षेत्रको रुपान्तरणका लागि आगामी आर्थिक वर्षलाई कृषि पूर्वाधार र लगानी वर्षको रुपमा मनाउने बजेटमार्फत घोषणा गरेको छ।

लुम्बिनी प्रदेशले लगानी सम्मेलनमात्र नभई अन्तर्राष्ट्रिय स्तरको 'लोरेट एण्ड लिडर' कार्यक्रम आयोजना गर्ने विषय आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखेको छ। 'लुम्बिनीलाई विश्व पर्यटन क्षेत्रको महत्वपूर्ण गन्तव्यका रुपमा प्रवर्द्धन गर्न गौतमबुद्धको जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तर ष्ट्रियस्तरको 'लोरेट एन्ड लिडर कार्यक्रम आयोनजा गर्न रू छ करोड ५० लाख विनियोजन भएको छ।' बजेट वक्तव्यमा भनिएको छ। त्यस्तै, गण्डकी, कर्णाली र सुदूरपश्चिम सरकारले पनि लगानी तथा विकास सम्मेलन आयोजना गर्ने विषय वार्षिक बजेटमा राखेका छन्।

**खर्च गर्न नसकेको रकम बजेट स्रोत**

चालु आर्थिक वर्षका लागि विनियोजन भएर खर्च गर्न नसकेको रकमलाई नै आगामी आर्थिक वर्षको बजेट स्रोतका रुपमा देखाउने परिपाटी यसवर्ष पनि देखिएको छ । चालु आर्थिक वर्ष सकिन एक महिना बाँकी छ। प्रदेशहरुले वार्षिक खर्च अनुमान गरेर यस्तो रकम निकाली बजेट स्रोत देखाएका छन्।

कोशी प्रदेशले रू तीन अर्ब एक लाख ५० हजार, मधेस प्रदेशले रू १२ अर्ब ९० करोड ११ लाख र लुम्बिनी तथा गण्डकी प्रदेशले समान रू तीन अर्ब बराबर रकम चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौज्दातलाई आगामी आर्थिक वर्षको बजेट स्रोत देखाएको छ।

आगामी आर्थिक वर्षका लागि रू ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार बराबरको बजेट ल्याएको बागमती प्रदेशले चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट रू १४ अर्ब ४५ करोड ४७ लाख स्रोत व्यहोरिने अनुमान गरेको छ।

चालु आर्थिक वर्षको विनियोजबाट बचत हुने अनुमानित रू तीन अर्ब ८६ करोड १७ लाख लाई सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट स्रोत देखाएको छ। कर्णाली प्रदेशले चालु आर्थिक वर्षमा खर्च हुन नसकेको रू सात अर्ब ४१ करोड छ लाख पाँच हजार रकमलाई आगामी आर्थिक वर्षको बजेटका रुपमा देखाएको छ।

त्यस्तै, आन्तरिक ऋण र वैदेशिक अनुदानलाई पनि प्रदेशहरुले बजेट स्रोतका रुपमा देखाएका छन् । आगामी आर्थिक वर्षका लागि कोशी प्रदेशले रू १५ करोड चार लाख ६० हजार र कर्णाली प्रदेशले रू एक करोड ८६ लाख ९० हजार बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको देखिन्छ। त्यस्तै, आन्तरिक ऋणबाट लुम्बिनी प्रदेशले रू एक अर्ब २५ करोड र गण्डकी प्रदेशले रू एक अर्ब ७० करोड बराबर परिचालन हुने अनुमान गरेका छन्।

**प्रदेशको आफ्नै बैंक**

मधेस प्रदेशको आफ्नै वित्तीय संस्था खोल्न आवश्यक पूर्वाधार, अध्ययन अनुसन्धान तथा कानुनी संरचना तयार गर्न रू १० करोड विनियोजन गरेको छ। त्यस्तै, बागमती प्रदेशले पनि छुट्टै वित्तीय संस्थासम्बन्धी व्यवस्था बजेट वक्तव्यमा राखेको छ। "प्रदेशभित्र वित्तीय साक्षारता र वित्तीय पहुँच अभिवृद्धि गर्न सङ्घीय सरकार, स्थानीय तह, वित्तीय संस्थाहरुसँगको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश विकास बैंक स्थापनाका लागि अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ", बागमती प्रदेशको बजेटमा भनिएको छ।

**नयाँ आवधिक योजना तयारी :**

प्रथम आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेका प्रदेशहरुले नयाँ आवधिक योजनाको तयारीसमेत थालेका छन्। पहिलो पञ्चवर्षिय योजनाको मूल्याङ्कन गरी आगामी आर्थिक वर्षमा दोस्रो आवधिक योनजा तयार गर्ने विषय प्रदेशको बजेटमा परेको छ। संघीय सरकारले पनि आगामी आर्थिक वर्षमा १६ औं आवधिक योजना तयार पारी कार्यान्वयनमा लैजाने तयारी गरेको छ।

**समान प्राथमिकता**

सबैजसो प्रदेशका बजेटको प्राथमिकतामा मुख्यगरी कृषि, पर्यटन र प्राकृतिक स्रोतको उपयोगलगायतका विषय अटाएका छन्।

कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायिकरण, यान्त्रिकरण र बजारीकरणका विषय प्राथमिकतामा परेका छन् भने पर्यटकीय क्षेत्र पहिचान, प्रवर्द्धन तथा नयाँ पर्यटन सर्किटको पहिचान गर्ने विषय बजेटको प्राथमिकतामा परेका छन्। त्यसैगरी, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्लगायत आधारभूत आवश्यता परि पूर्ति गर्ने विषय पनि प्रदेशका बजेटमा परेका छन्। रासस



# प्याजको कालोबजारी गरेमा कारबाही गर्छौं : वाणिज्य विभाग

**टुडे समाचारदाता**

काठमाण्डु । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दैनिक उपभोग्य वस्तु प्याजको कालोबजारी गरेको पाइएमा कारबाही गर्ने चेतावनी दिएको छ।

सरकारले आगामी आर्थिक वर्षको आर्थिक विधेयकमार्फत आलु, प्याज र स्याउमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने निर्णय गरेपछि बजारमा प्याजको कालोबजारी बढेको छ।

व्यापारीले आन्दोलनका नाममा भारतबाट प्याज आयात नगर्ने र लुकिछिपी ल्याइएको प्याजलाई चर्को मूल्यमा उपभोक्तालाई बेचिरहेका छन्।

बजेट भाषणअघि थोक बजारमा प्रतिकिलो ३५ रुपैयाँमा पाइने प्याजको खुद्रा मूल्य व्यापारीले मनोमानी तोकेर प्रतिकिलो १२० रुपैयाँसम्म कायम गरेका छन्। यसअघि, रातोपाटीले 'बजारमा छ्यापछ्याप्ती कालोबजारीको प्याज, मनोमानी मूल्यमा बेच्दै व्यापारी' शीर्षकको समाचार समेत प्रकाशन गरेको थियो।

यसपछि वाणिज्य विभागले विज्ञप्ति जारी गर्दै प्याजको कालोबजारी गरेको पाइएमा उपभोक्ता संरक्षण ऐन अन्तर्गत कारबाही गर्ने चेतावनी दिएको हो।

विभागका कर्मचारी अनुगमनमा जाँदा कालोबजारी गरेको नपाइएको महानिर्देशक गजेन्द्रकुमार ठाकुर बताउँछन्। उनका अनुसार कालिमाटीका ठुला होलसेलर र आयातकर्ताको गोदाममा छापा मार्दा जम्मा २ दाना प्याज भेटिएको थियो।

यस्तै, खुद्रा पसलमा समेत अनुगमन गर्दा नभेटिएको विभागले बताए पनि बजारमा छ्यापछ्याप्ती कालोबजारीको प्याज चर्को मूल्यमा किन्न उपभोक्ता बाध्य छन्।

# सामुदायिक विद्यालयमा बिदा थप

टुडे समाचारदाता

वीरगञ्ज। अत्यधिक गर्मीका कारण वीरगञ्जका सामुदायिक विद्यालयहरु थप तीन दिन बन्द हुने भएको छ। वीरगञ्ज महानगरपालिकाले एक सूचना जारी गर्दै तापक्रम घट्नुको सट्टा झन् बढ्दै गएपछि थप ३ दिनका लागि बिदा दिने निर्णय गरेको जनाएको छ।




यसअघि बढ्दो गर्मीका कारण बालबालिकाहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै महानगरले गत जेठ १९ गतेदेखि २६ गतेसम्म र त्यसपछि जेठ २८ देखि असार १ गतेसम्मका लागि बालविकास देखि कक्षा १२ सम्मको पठनपाठन हुने सबै सामुदायिक र संस्थागत विद्यालयहरु बन्द गरेको थियो।

तर गर्मी कम नभएपछि वर्षे विदामा कट्टा हुने गरी थप ३ दिन अर्थात असार ३ गतेदेखि ५ गतेसम्म सामुदायिक विद्यालय बन्द गर्ने निर्णय गरेको महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरि राउतले जानकारी दिए। उनले सामुदायिक विद्यालय बन्द रहे पनि संस्थागत विद्यालय भने आइतबारदेखि संचालनमा आउने बताए। यस्तै,आगामी असार ५ गते मंगलबार गहवामाई (माईस्थान मन्दिर) रथयात्रा रहेकाले एक दिनका लागि संस्थागत विद्यालय पनि बन्द रहने अधिकृत राउतले बताए।

पर्सा, बारा लगायत मध्यतराईका जिल्लाहरुमा पछिल्लो तीन सातायता गर्मी अत्यधिक बढिरहेको छ। यसक्षेत्रमा तापक्रम बढेर अधिकतम ४५ डिग्री सेल्सियससम्म पुगेको छ। शुक्रबार वीरगञ्ज र यसआसपासको क्षेत्रमा अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस मापन गरिएको थियो।

# बजेट भेदभावपूर्ण रहेको छः नेम्वाङ

टुडे समाचारदाता

जनकपुरधाम। नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वसभामुख सुवासचन्द्र नेम्वाङले सरकारले संसदमा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट भेदभावपूर्ण रहेको बताएका छन्। शनिबार पार्टीको मधेश प्रदेश सभा सदस्यहरूलाई प्रशिक्षण दिन जनकपुरधाम पुगेका उनले संसद् बाट कुनै पनि हालतमा बजेट पास हुन नदिने बताए।



उनले भौतिक मन्त्रालयबाट ५ अर्बको बजेटमध्ये ५१ प्रतिशत बजेट ४ वटा जिल्लामा र बाँकी ४९ प्रतिशत बजेट ७३ जिल्लामा दिने गरी भेदभावपूर्ण रूपमा गरिएको बजेटको समर्थन गर्न नसकिने बताए।

उपाध्यक्ष नेम्वाङले सरकारलेअसार ३ गतेबाट अनिवार्य अवकाशमा जान लागेका कर्मचारीलाई मुख्यसचिव बनाउने र कार्यकाल बाँकी रहेका मुख्यसचिवलाई पदबाट राजीनामा दिन बाध्य बनाउने काम गरेको दाबी गरे। उनले भने,'भोलि आइतबार सचिवको म्याद सकिन्छ भन्ने व्यक्ति ३ दिनअघि मुख्यसचिव भए।

मुख्यसचिवको पद खाली थिएन। मुख्यसचिवमा काम गरिरहेका व्यक्ति उनको अझै तीन महिना म्याद थियो। तर अचानक उनलाई राजीनामा गराइयो। अनि उनलाई सुरक्षा परिषद्मा लगेर नियुक्ति गरियो। जुन धेरै वर्षदेखि खाली थियो। के को लागि, देशका लागि ? होइन। मुख्यसचिवमा यो ढंगले नियुक्ति गर्नुपर्छ भनेर सरकारले यो सबै खेलो फड्को गरेर मुख्यसचिवमा नयाँ नियुक्ति गर्‍यो। हामी अब सुन्दैछौं, अहिले भर्खरै रिटायर भएका मित्रलाई बाहिर कतै विदेशमा दुई तीन महिनापछि पठाउने भन्ने सुन्दैछौं। उनी सक्षम व्यक्ति छन्, मेरा विद्यार्थीसमेत रहेको कानुनका तर देश यो ढंगले चल्छ की चल्दैन ?'

उपाध्यक्ष नेम्वाङले नागरिकता पाउनुपर्ने वास्तविक व्यक्तिहरूले नागरिकता पाउन ढिलाई गर्नु नहुने बताए। उनले नागरिकताको विषय टुंगोमा पुऱ्याउने नाममा संविधान र नियम भन्दा पर जान नहुने बताए।

# नगरपालिकाको वार्षिक कार्यप्रगति सार्वजनिक

टुडे समाचारदाता

गौर। ईशनाथ नगरपालिकाका नगरप्रमुख कौशल्या देवी सिन्हाले वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरेकी छन्। ईशनाथ नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरी नगरपालिकाको वार्षिक कार्य प्रगति सार्वजनिक गरेकी छन्।



नगरप्रमुखको कार्यभार सम्भालेपछि प्रशासकीय भवन निर्माण गराएको, ईशनाथ मन्दिर अगाडिका अतिक्रमण हटाई सडक फराकिलो तथा व्यवस्थित गराएको, एक सय १७ जना बेरोजगार युवायुवतीलाई लोकसेवाको तयारी कक्षामा सहभागी गराएको नगरप्रमुख कौशल्या देवीले बताइन्।

विभिन्न वडाका रहेका विद्यालयमा नयाँ भवन निर्माण तथा नगरको २३ वटै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गराउनुको साथै सडक ढलान, नाला निर्माणका कार्यलाई स्तरीय ढङ्गले सञ्चालन गराएको नगर प्रमुख सिन्हाले बताउँदै स्वास्थ्य संस्थाले विगतमा दिँदै आएको सेवाभन्दा सुधारको स्थितिमा ल्याइ जनताले खोजे जस्तो सेवा प्रवाह गर्ने स्तरमा पुऱ्याउन स्वास्थ्य संस्थामा ल्याब व्यवस्थापन, भिडियो एक्स-रे लगायतका सेवा सुचारु भएको नगर प्रमुख सिन्हाले बताइन्।

जनताले नगरपालिकासँग गरेको अपेक्षा अनुरूप न्यायिक समितिले निष्पक्ष बिना भेदभाव रहित तरिकाले काम गरिरहेको नगर उपप्रमुख प्रवेज आलमले जनाइन्। २३ वटा मुद्दा दर्ता , करीब एक सयको संख्यामा विचाराधीन अवस्थामा रहेको, सोही संख्यामा घरदैलो मै गइ मिलापत्र गराएको उनी बताइन्। प्रमुख प्रशासकीय अधिकृत भूदेव झाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत नगरका सबै वडाका सूचीकृत मजदुरलाई रोजगारी दिइ, कुलो-नाला सफाइ कार्यमा खटाइएको बताउँदै उनले सबै कार्य नगरपालिकाले नै गरी दिन्छ भर नपर्न नगरवासीलाई अनुरोध गर्दै आआफ्ना घर अगाडि फोहर हुन दिइ सफा राख्न आग्रह गरे।

आगामी आर्थिक वर्षदेखि हरेक चौमासिकमा एक पटक अनिवार्य रूपमा सार्वजनिक सुनुवाइ आयोजना गर्ने प्रमुख प्रशासकीय अधिकृत झाले प्रतिबद्धता गर्दै जनतालाई हुने सेवा प्रवाहमा ढिलासुस्ती वा कुनै कमीकमजोरी भए जानकारी गराउनसमेत नगरवासीसँग आग्रह गरेका छन्। वडा नम्बर २ का वडा अध्यक्ष धर्मेन्द्र साहको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाइमा नगरप्रमुख सिन्हा, प्रमुख प्रशासकीय अधिकृत झा, योजना शाखा प्रमुख महमद इसराजुल, प्राविधिक शाखा प्रमुक नविराज मिश्र, लेखा प्रमुख मनोज कुमार ठाकुरले आफ्ना सरोकारसँग जनताले उठाएका सवालका जवाफ दिए।

जनताले विद्यालयमा वाइफाइले विद्यार्थीका पढाइमा परेका नकारात्मक असर, मिटर ब्याजीलाई मुद्दा लगाउँदा रिन पाउन गाह्रो भयो सहितका गम्भीर कुरा उठेका छन्। स्थानीय सुरक्षा निकायका प्रमुख, शिक्षक, शिक्षाप्रेमी, समाजसेवी, महिला नेतृ विभिन्न राजनीति दलका प्रतिनिधिका रोहवरमा सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।

# हतियारसहित दुई पक्राउ

टुडे समाचारदाता

रौतहट। अवैध हतियारसहित रौतहटबाट दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सर्लाही मलंगवा ७ का ६५ वर्षीय मोहन राय र सोही ठाउँका ४५ वर्षीय उमेश राय रहेको रौतहट प्रहरी प्रवक्ता डिएसपी उमाशंकर यादवले बताएका छन्।

मौलापुर बजार आइटी चौकमा शुक्रबार साँझ प्रहरी टोलीले सवारी चेकिङको क्रममा बाराबाट घरतर्फ जाँदै गरेको भारतीय नम्बर यूपी ५० एन ३२३८ को मोटरसाइकलको सिट मुनी १ थान नलकटुवा पेस्तोल र १ थान गोली बरामद भएको प्रवक्ता डिएसपी यादवले जानकारी दिए।

अवैध हतियार र मोटरसाइकलमा सवार दुबैजनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# 'जनतालाई गुमराहमा बनाउने खेल'

टुडे समाचारदाता

वीरगञ्ज। आम जनता पार्टीका अध्यक्ष तथा पूर्व मन्त्री प्रभु साहले जनतालाई गुमराहमा राख्न कथित समाजवादीको विषय उठाइएको दाबी गरेको बताएका छन्। वीरगञ्जमा आम विद्यार्थी मोर्चाको अगुवा कार्यकर्तासँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा अध्यक्ष साहले 'नेपालमा लोकतन्त्र छैन, दलतन्त्र छ।



जनताको शासनको लागि दलतन्त्र फाल्ने लक्ष्य लिनुपर्नेमा जनतालाई गुमराह बनाउन कथित समाजवादको विषय उठेको छ' अध्यक्ष साहले भने, 'आज लोकतन्त्रको कुरा गर्नुको सट्टा समाजवादको कुरा गर्नु जनतालाई ढाँट्नु बाहेक अरू केही पनि होइन। त्यसैले अहिले समाजवादी मोर्चाको कुनै औचित्य छैन।'

माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा, नेसपालगायतका दलहरूले समाजवादी मोर्चाको घोषणा गर्दै गर्दा आजपा अध्यक्ष साहले यस्तो टिप्पणी गरेका छन्। जनतालाई शक्तिशाली बनाएर विकास,समृद्धि, सुशासनको प्रत्याभूति गराउन लागि पर्नेमा झुटको खेती गर्नका लागि समाजवादी मोर्चाको हावा फैलाउन लागिएको उनको ठहर छ।

आम विद्यार्थी मोर्चाको सो कार्यक्रमबाट मोफसलमा चल्ने यातायातका सार्वजनिक सवार ।साधनहरूमा विद्यार्थीलाई ४५ प्रतिशत छुटको व्यवस्था गर्न माग गरिएको छ। काठमाण्डु उपत्यकामा विद्यार्थीलाई सार्वजनिक यातायातमा ४५ प्रतिशत छुट दिइए पनि उपत्यका बाहिर नदिएकोमा आपत्ति जनाउँदै संघर्षका कार्यक्रम अगाडि बढाउने निष्कर्ष कार्यक्रमको रहेको छ।

यस्तै कार्यक्रममा बिद्यार्थीहरुको अहिलेको विभिन्न समस्या,शैक्षिक अवस्था, विद्यालय, क्याम्पसको पठनपाठनलगायतका विषयमा गम्भीर छलफल भएको छ। गुणस्तरीय शिक्षाका लागि आम विद्यार्थी मोर्चाले संघर्षका विभिन्न कार्यक्रम गर्ने बताइएको छ।

# भवन निर्माण सामग्री चोरीको प्रयास

टुडे समाचारदाता

राजविराज। राजविराज नगरपालिका वडा २ मा निर्माणाधीन अवस्थामा रहेको महिला सेफ हाउस भवनको निर्माण सामग्री चोरीको प्रयास भएको छ। शुक्रबार मध्यराति १२-१३ जनाको अज्ञात समूहद्वारा चोरीको प्रयास भएको थियो।



निर्माण सामग्री सुरक्षाका लागि निर्माण स्थलमै टहरा बनाइ बस्ने गरेका सत्यनारायण साहका अनुसार राति २:३० बजेतिर अनुहार छोपेर आएका १२-१३ जनाको समूहले निर्माण स्थलमा राखिएका फलामे डन्डी, पानी तान्ने मोटर, ढलानमा प्रयोग गरिने काठका तख्ता लगायतका सामग्री चोरेर लइजाने प्रयास गरेका छन्। 'राति अचानक फलामे डन्डीको घर्षणको आवाज सुनेपछि निन्द्रा भंग भो, सत्यनारायण भने- उठेर देख्दा कोही गम्छाले त कोही मास्क लगाएका व्यक्तिहरु डन्डी, पानी तान्ने मोटर र काठहरु बोकेर जाँदै गरेको देखे।'

उक्त सामग्रीहरु निर्माण स्थलबाट केही टाढा लगिसके पनि आफूले चिच्याए पछि छाडेर भागेको उनले सुनाए। अलपत्र तथा हिंसामा परेकी महिलाहरुलाई सुरक्षित व्यवस्थापन गर्न अहिले उक्त स्थानमा प्रदेश सांसद किरण कुमारी साहको संसदीय विकास कोषबाट महिलासेफ हाउस निर्माण कार्य चलिहरको छ।

सुरक्षाका लागि खटिएका सत्यनारायणले चोरी गर्न आएकाहरुबारे तत्कालै प्रहरी, उपभोक्ता समितिका अध्यक्ष मन्जरी कुमारी झा र प्रदेश सांसद साहलाई मोबाइल मार्फत जानकरी गराएका थिए। प्रहरी भने एक घन्टा ढिलो आउँदा चोर समूह फरार भइसकेको सत्यनारायणले बताए। घटना स्थलबाट २ सय मिटर मात्रको दूरीमा राजदेवी अस्थायी प्रहरी पोष्ट रहेको छ। यस्तो अवस्थामा पनि चोरीको प्रयास हुनु र प्रहरी ढिलो आउनु अनौठो र आश्चर्यको विषय रहेको प्रदेश सांसद साहले बताइन्। राजदेवी प्रहरी विटका असइ दिनेश ठाकुरले आफूहरु पुग्दा चोर समूह फरार भइसकेको र खोजी कार्य भइरहेको जनाए।

# दादुरा रुवेला खोप अभियान सञ्चालन हुने

टुडे समाचारदाता

बर्दिबास। महोत्तरीमा दादुरा रुवेला खोप अभियान सञ्चालन गरिने भएको छ। १५ वटा पालिका रहेको महोत्तरीमा दुई चरणमा खोप अभियान चलाइने स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ।

असार ४ गतेदेखि असार ८ गतेसम्म पहिलो चरण र असार ११ गतेदेखि असार १५ गतेसम्म दोस्रो चरण गरी दुई चरणमा दादुरा रुवेला खोप अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख भोला यादवले जानकारी दिए। उनका अनुसार पहिलो चरणमा बर्दिबास नगरपालिका, गौशाला नगरपालिका, सोनमा गाउँपालिका, औरही गाउँपालिका, भंगहा नगरपालिका, रामगोपालपुर नगरपालिका र सम्सी गाउँपालिकामा अभियान सञ्चालन हुनेछ।



त्यस्तै, दोस्रो चरणमा लोहारपट्टी नगरपालिका, बलवा नगरपालिका, मनराशिसवा नगरपालिका, एकडारा गाउँपालिका, महोत्तरी गाउँपालिका, पिपरा गाउँपालिका, मटिहानी नगरपालिका र जलेश्वर नगरपालिकामा अभियान चलाउने कार्यक्रम रहेको प्रमुख यादवले बताए।

जिल्ला समन्वय समिति महोत्तरीको सभाहलमा आयोजित दादुरा रुबेला खोप अभियान सञ्चालन सम्बन्धी जिल्ला खोप समन्वय समिति, सञ्चारकर्मी र सरोकारवालाहरूको बैठक तथा अभिमुखीकरणमा सहभागीहरूले अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न चुनौती रहेको बताए।

# करेन्ट लागेर दुईको मृत्यु

गरुडा। रौतहटको बौधीमाई नगर क्षेत्रमा करेन्ट लागेर गए राति २ जना युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा बौधिमाई ५ को पवा गाउँका वर्ष २५ का अरुण साह र वर्ष २६ को सिताबी पण्डित रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी उमाशंकर यादवले जानकारी दिए।

शुक्रबार राति साढे ८ बजे घरको आँगनमा रहेको ट्यूबवेल धारामा विद्युत् मोटर सञ्चालन गर्ने क्रममा अचानक अरुण साहलाई विद्युत् प्रवाह भएर करेन्ट लागेको थियो। करेन्ट लागेका साहलाई सँगै रहेका पण्डितले बचाउन खोज्दा उनलाई पनि करेन्ट लागेर दुवै जना अचेत भएका थिए।

तत्काल दुबै जनालाई उपचारको लागि प्रादेशिक अस्पताल गौर लैजाँदा डाक्टरले दुवै जना लाई मृत घोषणा गरेको डिएसपी यादवले जानकारी दिए।

# मिटरब्याजी रायलाई प्रहरी हिरातमा राख्न आदेश

टुडे समाचारदाता

मलंगवा। सर्लाही सदरमुकाम मलंगवा नगरपालिका-४ का मिटरब्याजी आरोपि रामस्वरुप रायलाई प्रहरी हिरासतमा राख्न पठाइएको छ।




मिटरब्याजी पीडितले दिएको उजुरीका आधारमा जिल्ला प्रशासन कार्यालयमा छलफलका लागि बोलाइदा आफूले लगानी गरेको पैंसाबारे प्रष्टसँग बताउन नसकेको र केरकार गर्दा कमजोरी ढाकछोप गरेर पन्छिन खोजेको जस्तो देखिएपछि थप अनुसन्धान गर्नुपर्ने भन्दै जिल्ला प्रहरी कार्यालयको जिम्मामा पठाइएको छ। जिल्ला स्तरीय अनुचित लेनदन (मिटरब्याज) पीडित समन्वय सहजीकरण समितिले अनुचित लेनदेन (मिटरब्याज) का सम्वन्धमा उजुरीका आधारमा उजुरी दिने पक्ष अर्थात् पीडित र जो विरुद्ध उजुरी परेको छ अर्थात् पीडकलाई बोलाएर छलफल गराउन सुरु गरेको छ।

छलफलका क्रममा सकेसम्म दुई पक्षलाई मेलमिलाप गराउने र यदि मिल्न नसकी उजुरी अनुसार दोषी देखिएका व्यक्तिलाई कारवाहीको थप प्रक्रिया अघि बढाइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला स्तरीय अनुचित लेनदन (मिटरब्याज) पीडित समन्वय सहजीकरण समिति संयोजक तथा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सोही समिति मातहत रहेको सहयोगी कार्यदलका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेलगायत भएर पीडक र पीडित दुवैलाई राखेर छलफल प्रारम्भ गराएका छन्।

सर्लाहीमा विभिन्न मिटरब्याजीविरुद्ध १९ सय २० उजुरी परेका छन्। अब ती सबै पीडक भनिएका व्यक्ति र पीडितलाई संभव भए सम्वन्धित पालिकामै र नभए जिल्ला प्रशासन कार्यालयमा बोलाएर छलफल गराइने जिल्ला प्रशासन कार्यालयले सहयोगी कार्यदलका सदस्य मुकेश यादवले बताए।

योजना तथा कार्यक्रम छनौट गर्दा ध्यान दिऔं

कुनै पनि योजना, परियोजना तथा कार्यक्रम छनौट गर्दा उत्पादकत्व वृद्धि हुने, बढी भन्दा रोजगारी श्रृजना हुने, नव परिवर्तनकारी उद्योग विकास तथा प्रवर्द्धन गर्ने, स्थानीय सीप र श्रोत साधनको समुचित उपयोग हुने, कम लागत र छोटो समयमा बढी प्रतिफल दिने परिणाममुखि आयआर्जनमूलक कार्यहरुलाई प्रोत्साहन गरौं।

कुनै पनि योजना, परियोजना तथा कार्यक्रमहरु तोकिएकै समयसिमाभित्र सम्पन्न गरी असल नागरिकको कर्तव्य निर्वाह गरौं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८